Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ३७ २०८२ साल बैशाख २३ गते मंगलबार (MAY 6, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# गभर्नर नियुक्तिमा निलम/ गुणखर: काग्रेस भर्सेज एमाले

मोहन कार्की

काठमाडौं- गभर्नर नियुक्तिमा ढिलाइ भईहेको विषय यतिवेला आम मानिसमा उठिरहेको छ । तर गभर्नर नियुक्ति हुन सकेको छैन । यतिवेला एमाले-कांग्रेस गठबन्धनको सरकार छ । सरकारले गत चैत अन्तिमदेखि रिक्त केन्द्रीय बैंकको गभर्नर नियुक्ति गर्न सकेको छैन ।

राष्ट्र बैंक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र शक्तिशाली संस्था हो । सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टका रूपमा पनि लिइने केन्द्रीय बैंकको गभर्नर नियुक्तिमा अस्वाभाविक राजनीतिक हस्तक्षेप गरेर गठबन्धन सरकारले वित्तीय क्षेत्रकै मनोबल गिराएको पूर्व गभर्नरहरुले बताउन चिन्ता व्यक्त गर्न थालेका छन् ।

नेकपा एमाले कोटाबाट धितोपत्र वोर्डका अध्यक्ष एमाले कोटाबाट बनाएको र नेपाल राष्ट्र बैकको गभर्नर नेपाली काँग्रेस कोटाबाट भागबन्डा आन्तारिक गरिएको बाहिर हल्ला आईसकेको छ । त्यसकारण नेपाली काँग्रेस पार्टीको कोटामा गुणाखर भट्ट अबको गभर्नर हुने अनुमान बढी गर्न थालिएको छ ।

गुणखर भट्टले गभर्नरकै लागि भनेर कार्यकारी निर्देशकको पदबाट राजीनामा दिइसकेका छन् । तर, निमित्त गभर्नरको भूमिका निभाइरहेकी वरिष्ठ डेपुटी




गभर्नर नीलम ढुंगानाले उनको राजीनामा स्वीकृत गरेकी छैनन् । ढुंगाना आफैँ पनि गभर्नर पदको आकांक्षी एवं प्रतिस्पर्धी हुन् । भट्टलाई कांग्रेस र ढुंगानालाई एमालेको साथ रहेको चर्चा छ । गभर्नरको पदमा नियुक्त गर्नलाई अरु कारणले ढिलो भएको होइन नेपाली काँग्रेस र एमाले बीचको अविश्वासका कारण ढिलो भएको देखिन्छ ।

किनकी नेपाली काँग्रेसको भागमा आन्तारिक बाँडफाँड भएको गभर्नर पद हाल कायम मुकायम गभर्नर निलम ढुङगानाले कार्यकारी निर्देशन गुणखर ढुङगानाले बुझाएको राजिनामा स्वीकृत नगर्दा गभर्नर पदमा कानूनी अडचनका कारण गुणखर गभर्नर बन्न नसकेका हुन् । ढुङगानालाई मनाउन उपप्रधानमन्त्री तथा अर्थमन्त्री बिष्णु पौडेलले प्रयास गरिरहेको भएपनि सफल हुन सकेका छैनन् । नेपाली काँग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाले गुणखर भट्टलाई गभर्नर बनाउन प्रधानमन्त्री षडक प्रसाद ओलीलाई दवाव दिईरहेको चर्चा बजारमा आएको छ । तर नेकपा एमाले पनि सकभर आफ्नो पार्टीको भएको वेलामा केही समय लम्ब्याएर भएपनि निलम ढुङगानालाई नै गभर्नरमा नियुक्त गर्न सकिन्छ कि भन्ने देखिन्छ । नेपाली काँग्रेस र एमाले एक अर्को सधै प्रतिपक्षमा रहने पार्टीहरु हुन् । उनिहरुले जहिले पनि एकले अर्को पार्टीको अस्तित्व स्वीकार्न कठिन हुने गर्दछ । एतिबेला विशेष कारणबस स्वार्थ मिलाउनुपर्ने भएको हुनाले सरकारमा बसेको हुनाले संवैधानिक निकायहरुमा विज्ञता भन्दा पनि पार्टीको भागबण्डामा निर्णयहरु गर्नुपर्दा कानूनी अडचनहरु आएका देखिन्छन् ।

### नेपाल राष्ट्र बैंकको कानूनी व्यवस्था के छ ?

'केन्द्रीय बैंकको नेतृत्व निरन्तर हुनुपर्छ भनेर नै बहालवाला गभर्नरको पद एक महिना बाँकी छँदै नयाँ गभर्नर नियुक्ति गर्ने कानूनी व्यवस्था रहेको छ ।

गत २४ चैतदेखि तत्कालीन गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिएको छ । बहालवाला गभर्नरको पद रिक्त हुनुभन्दा सामान्यता एक महिना अगाबै नयाँ गभर्नर नियुक्ति गर्नुपर्ने कानुनी व्यवस्था छ । तर, सरकारले गभर्नर पद रिक्त भएको एक महिना बितिसक्दासमेत नयाँ नियुक्ति गर्न सकेको छैन ।

## प्रारम्भिक बालशिक्षामा स्वीकृत पाठ्यक्रममात्रै पढाउन कांग्रेस महामन्त्री थापाको आग्रह



काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले प्रारम्भिक बालशिक्षालाई प्रभावकारी बनाउनुपर्ने बताएका छन् ।

पार्टीको स्थानीय तह समन्वय विभागद्धारा हालै आयोजित कार्यक्रममा बोल्दै महामन्त्री थापाले पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै पढाउन स्थानीय तहका प्रतिनिधिहरुलाई आग्रह गरे । पार्टी केन्द्रीय कार्यालय सानेपामा भएको कार्यक्रममा उनले प्रारम्भिक बालशिक्षा भविष्यको आधार भएकाले उनीहरुको शिक्षामा विशेष ध्यान दिन पनि आग्रह गरे । 'प्रारम्भिक बालशिक्षा विद्यालयको आधार हो त्यसैले यसलाई बलियो बनाउन सकियो भनें भोलिका दिनमा विद्यार्थीको पढाइमा कुनै समस्या पर्दैन' उनले भने 'बालबालिकालाई पोषणजस्तै बालशिक्षा पनि अनिवार्य छ त्यसैले पाठ्यक्रम विकास केन्द्रले तोकेको र स्वीकृति दिएको पाठ् यक्रम पढाउन सबैलाई अनुरोध गर्दछु ।' उनले बालबालिकालाई सिकाउने नाममा अनावश्यक बोझ हुने प्रकारका पाठ्यक्रम पढाउन नहुने पनि बताएका छन् ।

उनले बालबालिकाले कार्टँन हेरेर, खेलेर, देखेर, प्रतक्ष्य रुपमा अबलोकन गरेर वा गीत-संगीतको माध्यमबाट सजिलै सिक्ने भएकाले त्यो शिक्षा प्रभावकारी हुने बताए । उनले पाठ् यक्रम विकास केन्द्रले तयार गरेको, स्वीकृत दिएको र सिफारिस गरेको श्रव्य-दृश्यसहितको एकवर्षे प्रारम्भिक बालविकास र शिक्षाको पाठ् यक्रम २०७७ वमोजिम अध्यापन गराउन विशेष आग्रह गरेका छन् ।

केन्द्रले यस प्रकारको सिकाइबाट मात्र विद्यार्थीले सोचेअनुसारको सिकाई उपलब्धी हासिल गर्ने भएकाले यसलाई स्विकार

» बाकी ६ पृष्ठमा

## टिकटकले (टिनएजर) किशोर-किशोरीहरूको सुरक्षाका लागि नेपालमा सुरु गर्‍यो 'फ्यामिली पेयरिङ' फिचर

**काठमाडौं–** टिकटकले नेपालमा आफ्ना कलिला युजरहरूका लागि जिम्मेवार र सुरक्षित अनलाइन अनुभव प्रवर्द्धन गर्न परिवारहरूलाई सहयोग गर्ने उद्देश्यले आफ्नो नयाँ 'फ्यामिली पेयरिङ' फिचर सुरु गरेको छ ।

यस फिचरमार्फत अभिभावकहरूले आफ्ना टिनएजर (किशोर-किशोरी) को टिकटक एकाउंटलाई आफ्नो एकाउंटसँग जोड्न सक्नेछन्, ।

जसले गर्दा उनीहरूलाई सेफ्टी सम्बन्धी धेरै विकल्पहरूमा पहुँच मिल्नेछ । यसबाट परिवारका सदस्यहरूबीच जिम्मेवार र सुरक्षित इन्टरनेट प्रयोगको संस्कार विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

फ्यामिली पेयरिङ फिचर सुरु गर्नको लागि टिकटकको ससेटिङ्स एण्ड प्राइभेसी मेनुमा गएर ृच् कोड स्क्यान गरेर अकाउन्टहरू आपसमा जोड्न सकिन्छ ।




एकचोटि अकाउन्ट जोडिएपछि अभिभावकहरूले आफ्ना छोराछोरीको फोन नछोइकनै आफ्नै मोबाइलबाट सिधै सुरक्षासम्बन्धी सेटिङहरू परिवर्तन गर्न सक्नेछन् ।

फ्यामिली पेयरिङमा १५ भन्दा बढी सुरक्षा, गोपनीयता र डिजिटल वेल-बिइंगसँग सम्बन्धित कस्टमाइजेबल फिचरहरू छन् जसलाई अभिभावकले आफ्ना छोराछोरीको टिकटक अनुभव अनुसार मिलाउन सक्नेछन् ।

जस्तै यसमा दैनिक स्क्रीन टाइम सीमित गर्ने, मेसेजिङ र कमेन्ट रोक्ने, उमेरअनुसारको कन्टेन्ट देखिने बनाउने, एकाउंट खोज्न मिल्ने या नमिल्ने बनाउने, सर्च सेटिङ कन्ट्रोल गर्नेजस्ता फिचरहरु रहेका छन् ।

यो फिचरले परिवारका लागि मानसिक शान्ति दिनेछ, किनभने यसले किशोर (टिन) प्रयोगकर्ताको सुरक्षा मात्र नभई उनीहरू र

» बाकी ६ पृष्ठमा

## नास्टको सेवा आयोगले प्रधानमन्त्रीलाई बुझायो वार्षिक प्रतिवेदन

काठमाडौं- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को सेवा आयोगले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष वार्षिक प्रतिवेदन बुझाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोगका अध्यक्ष डा. खगराज बरालले प्रधानमन्त्री एवं प्रतिष्ठानका कुलपति ओलीसमक्ष आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन बुझाएका हुन् ।

प्रतिवेदन बुझ्दै प्रधानमन्त्री ओलीले वैज्ञानिकहरूलाई प्रोत्साहन मिल्ने र मुलुकको



उत्पादन तथा उत्पादकत्ववृद्धि हुने अनुसन्धान र परिणाम दिने काममा केन्द्रित हुन प्रतिष्ठानलाई आग्रह गरे ।


## विद्यार्थीलाई दुर्व्यवहार गरेको आरोपमा स्कुलका शिक्षक पक्राउ

काठमाडौं- शान्तिनगरमा रहेको बेबिलोन बोर्डिङ स्कुलका एक जना शिक्षक विद्यार्थीलाई दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका छन् ।

अभिभावकले दिएको जाहेरीका आधारमा शिक्षक टिकाप्रसाद सुवेदीलाई पक्राउ गरेर प्रहरी वृत्त, बानेश्वरको हिरासतमा राखिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका एक अधिकृतले बताए ।

उनले भने, 'बाल यौनदुर्व्यवहारबारे छानबिन गर्न म्याद लिएर अनुसन्धान गरिरहेका छौं ।'

प्रहरीका अनुसार, पीडितकी आमाले



गएको चैत महिनामा कक्षा १० मा अध्ययनरत् आफ्नी छोरीलाई उनले दुर्व्यवहार गरेको भन्दै किटानी जाहेरी दिएकी थिइन् ।

'टिफिनको समयमा आफू एक्लै स्टाफ रुममा भएका बेला उनले छोरीलाई बोलाएर जबरजस्ती करणी गर्ने मनसायले उनले छोरीको संवेदनशील अंगमा छुने जस्ता गतिविधि गरेका थिए', जाहेरीमा भनिएको छ, ' उनले कक्षाका अरु विद्यार्थीहरुलाई समेत बाल यौन दुरुपयोग गरेको भनेकी बताएकी छन् ।'

जाहेरीसँगै अन्य विद्यार्थीहरुले समेत दुर्व्यवहारमा परेको भन्दै उल्लेख गरेको म्यासेजको स्क्रिनसट समेत प्रहरीलाई दिइएको छ ।

प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

»

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३७, २०८२ साल बैशाख २३ गते मंगलबार (MAY 6, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### विकास निर्माण समयमा हुने प्रदुषणको अन्त्य गरौं ।


नेपाल विकासउन्मुख राष्ट्र घोषणा गरेको पनि धेरै भईसक्यो नेपालका विकास निर्माणका कामहरु कतिपय ठाउँहरुमा भई पनि रहेका छन् । विशेष गरेर मूख्य राजमार्गहरु निर्माण गर्ने चरणमा छन् । त्यसैगरी जलविद्युत आयोजनाहरु, शुरुङमार्गहरु, सिचाई नहरहरु निर्माणमा चरणमा छन् । विकास गार्नु आफैमा राम्रो कुरा हो । यसलाई सकारात्मक रुपमा लिनु पर्दछ ।

विशेष गरेर मूख्य राजमार्गहरुमा बाटो विस्तार र निर्माण भइरहेको क्षेत्रहरुमा हुने गरेका अब्यस्थित र भद्रगोल अवस्थाले नागरिकहरुले सास्ति व्यहोर्नु परेको छ । नागरिकहरुकै लागि छिटो होस भनेर सतुङगल नागढुङ्गा सुरुङमार्ग निर्माणको चरणमा छ । त्यसैगरी मुङलिन थानकोट सडक पनि स्तरउन्नतिको चरणमा छ । त्यहा भईरहको विकास निर्माणका कामहरु चलिरहेका छन् । नेपालको हालसम्म मूख्य राजमार्ग भनेकै यही हो । यस क्षेत्रमा अब्यस्थित तरिकाले विकास निर्माणका कामहरु भइरहेको हुनाले घण्टौ सवारी जाम हुने समस्या, धुलो उड्ने समस्याहरुले मानिसहरु हैरान भएका देखिन्छन् । कुनै वेला मुङलिन-नारायाणघाट सडक खण्ड त्यस्तै भद्रगोल अवस्थामा निर्माण भईरहेको थियो । वषौसम्म नागरिकहरुले यसरी नै दु:ख पाईरहेको थिए । यात्रामा रहेका यात्रुहरु घण्टौ जाममा परेर धुलो र धुवा स्वास प्रस्वास प्रणालीमा जादा स्वास्थ्यमा असर परेर कतिपयलाई बिभिन्न रोग समेत लाग्ने गर्दछ ।

त्यसैले यस्ता विकास निर्माणका कामहरु गर्दा निर्माण कम्पनी र सरकार दुबैले आषना नागरिकहरुको सुरक्षाको लागि अपनाउनुपर्ने सावधानीहरु अपनाएको देखिदैन ।

अन्तरष्ट्रिय अभ्यासहरु जस्तै राजमार्गहरु निर्माण गर्दा स्वास्थ्य सुरक्षा पहिलो अपनाउने गरिएको हुन्छ । नेपालमो सन्दर्भमो त्यस्तो गरेको देखिएको छैन । त्यसैले आउदा दिनमा यस्ता राजमार्गहरु बनाउदा सकभर रातिको समयमा बनाउने र दिउसो नगरि नहुने कामहरु मात्र दिउसो गरेर व्यवस्था मिलाई नागरिकको सुरक्षा गर्नुपर्छ ।

# द्वन्द्वकालका यौन-हिंसापीडित महिलाका चित्कार



रञ्जिता अधिकारी

घोराही उपमहानगरपालिकाकी एक महिलालाई माओवादीको आरोपमा प्रहरीले पक्राउ गऱ्यो । तीन महिना हिरासतमा बसेर घर आउनुभयो ।

प्रहरीले सोधपुछका क्रममा विभिन्न प्रकारका हिंसा गऱ्यो तर त्यसको बारेमा उहाँले अहिलेसम्म कसैलाई भन्न सक्नुभएको छैन । मानसिक यातनाको घाउ-चोट नहुने भएकाले मनभित्र दबाउनुपर्ने बाध्यता रहेको छ । उहाँको प्रमाणका रुपमा प्रहरी हिरासतबाट रिहाइ हुँदाको पत्र अहिले पनि सुरक्षित छ ।

प्रमाणलाई आधार मानेर सरकारले राहत दिनुपर्ने उहाँको माग छ । त्यस्तै बाँके निवासी एक महिलालाई द्वन्द्वका समयमा विद्रोही पक्षले अपहरण गऱ्यो । ३० दिन बेपत्ता हुनुभयो । घर परिवार सम्पन्नको आरोपमा चन्दा मागेका थिए । उहाँको परिवारले चन्दा नदिएको आरोपमा उहाँलाई अपहरण गरेको थियो । त्यहाँ रहँदा आँखामा पट्टी बाँधेर उहाँलाई राखियो । विभिन्न किसिमका यातना दिइयो ।

सबै हिंसाको कुरा खुलेर गरे पनि यौनहिंसाको कुरा उहाँले खुलेर भन्न चाहनुहुँदैन । समाज, घरपरिवारले उहाँलाई राम्रो व्यवहार गरेको छ, आफूले पाएको यौनहिंसाको कुरा गर्दा समाज र परिवारमा नकारात्मक असर पर्ला भनेर उहाँ आफ्नो पीडालाई कतै व्यक्त गर्नुहुँदैन । द्वन्द्वका समयमा आफ्ना बालबालिका साना थिए, अहिले उनीहरु ठूला भएका छन् । हामी दु:ख-सुख गरी खाऔंला, आफ्ना पीडा अरुलाई नभन्नु भन्छन् ।

यतिका वर्ष पीडा भन्ने काम मात्रै भएको छ, कसैले न्याय दिएको छैन । त्यसैले भन्न मन लाग्दैन । द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालका केन्द्रीय कोषाध्यक्ष चन्द्रकला उप्रेतीले बाँकेका विभिन्न वडा र पालिकामा द्वन्द्वपीडित महिलालाई सम्बोधन हुने गरी बजेट माग गरेको बताउनुभयो । उहाँले भन्नुभयो, 'बाँकेको बैजनाथ गाउँपालिका, नेपालगन्ज नगरपालिका वडा नम्बर २२, खजुरा गाउँपालिकामा द्वन्द्वपीडितहरुलाई सम्बोधन हुने गरी कार्यक्रम ल्याउनका लागि ज्ञापनपत्र बुझाएका थियौं । केही पालिकाले सानो बजेट दिएर सिलाइ-कटाइ, बुटिक र पार्लरजस्ता सीप सिकेका महिलाहरु लगानी लगाउने पैसा नभएका कारण व्यवसाय गर्न सक्ने अवस्था छैन ।'

द्वन्द्वका समयमा पीडित भएका महिलाहरु आफ्ना पीडा लुकाएर बस्न बाध्य भएका छन् । बेपत्ता परिवारले क्षतिपूर्ति पाएका छैनन् । संघीय सरकार र लुम्बिनी प्रदेश सरकारले द्वन्द्वपीडित महिलाको गोपनीयताको हकलाई कायम राख्दै पढेलेखेका महिलालाई रोजगार र सीप सिकेर आत्मनिर्भर बन्न चाहनेहरुलाई सीपसहितको पुँजी दिनुपर्ने उहाँको माग छ । पीडितका सन्तानलाई रोजगारको ग्यारेन्टी पनि हुनुपर्छ ।

लुम्बिनी प्रदेशमा कार्ययोजना कार्यान्वयन समितिका संयोजकमा आन्तरिक मामिला तथा कानुनमन्त्री आदेशकुमार अग्रवाल हुनुहुन्छ । उहाँले यो विषयमा चासो नदिएको र काम अगाडि नबढाएको उप्रेतीको आरोप छ । अहिलेसम्म आफूलाई कुनै खबर आएको छैन । लुम्बिनी प्रदेशमा काममा ढिलाइ हुनुमा कार्यान्वयन समितिले चासो नदिएको उहाँको कथन छ । द्वन्द्वपीडितको न्यायको विषयमा मन्त्रीले चासो नदिँदा काम अगाडि नबढेको हो । मन्त्रीलाई पटक-पटक सम्पर्क गर्दा फोन सम्पर्क हुन सकेन ।

द्वन्द्वपीडित समिति बर्दियाका अध्यक्ष भागिराम चौधरीका अनुसार द्वन्द्वका समयमा पीडित भएका महिलालाई समाजमा सम्मान नगर्ने भएका कारण उहाँहरु आफ्नो पीडा खुलेर भन्न नसक्ने अवस्था छ । आफ्नो परिवारसँग मेलमिलाप गरेर बसेका नागरिकलाई द्वन्द्वको कुरा गर्दा खाटा बसेको घाउ कोट्याएको जस्तो हुने भएकाले उनीहरु कुरा खोल्न चाहँदैनन् । सरकारले उनीहरुको पीडामा मलहम लगाउनुपर्छ ।

रोल्पाकी अधिकारकर्मी भावना शर्माले द्वन्द्वपीडितहरु खुलेर आउने अवस्था नभएको बताउनुभयो । द्वन्द्वका समयमा भएका हिंसाका विषयमा बोल्न नचाहनुको कारण बालबालिकाले एक किसिमको उमेर पार गरेर परिपक्व भइसकेका छन् । उनीहरु नै घाउलाई बिर्सिन र नकोट्याउन भन्छन् । कतिपयका बच्चा उच्च शिक्षा पूरा गरी देश-विदेश पुगेका छन् । उनीहरुले परिवारका सदस्यलाई कुरा नगर्न भन्ने गरेको उहाँको भनाइ छ ।

दाङको घोराही उपमहानगरपालिका-१७, पचुर्खाका विरजु चौधरी २०५९ साल चैत १९ गते घोराही बजार आउनुभयो । उहाँलाई घोराही-१४ मा रहेको दूरसञ्चार कार्यालयको नजिकैबाट तत्कालीन शाही सेनाले गिरफ्तार गरेको खबर उहाँको घरपरिवारमा पुग्यो । उहाँकी श्रीमती कृष्णा चौधरी अर्को दिन आर्मी क्याम्पमा श्रीमान्को खोजीका लागि जानुभयो । श्रीमान्को प्रतीक्षा गर्दागर्दै २२ वर्ष बित्यो । ३ र १ वर्षका छोराछोरी ठूला भइसकेका छन् ।

छोरीको बिहे भइसकेको छ भने छोरा कमाउन भारत गएका छन् । कमाउने घरका मूली बेपत्ता भएपछि घरमा आर्थिक समस्या भयो । श्रीमान्को मृत्यु भएको प्रमाण ल्याए राहत रकम दिने सरकारले घोषणा गरेपछि उहाँले न्यायिक मृत्यु घोषणा गरेर राहत रकम लिनुभयो । घरको मूली बेपत्ता भएपछि आर्थिक जोहो गर्ने मानिसको अभाव भयो, छोराछोरी पढाउन सजिलो होला भनेर मृत्यु दर्ता गरे पनि मनले स्वीकार्न सकेको छैन । अझै पनि आउनुहुन्छ कि भन्ने आश लागेको छ । सरकारलाई सत्यतथ्य पत्ता लगाइदिन आग्रह गर्नुभयो ।

यसै गरी दंगीशरण गाउँपालिका-३ की मसुरी चौधरीका श्रीमान् हरिराम चौधरी २०५९ साल जेठमा तुलसीपुर बजारमा रासायनिक मल किन्न आउनुभयो । २२ वर्ष भयो उहाँ फर्कनुभएको छैन । श्रीमती मसुरीले श्रीमान्को अवस्था पत्ता लगाउन धेरै कोशिश गर्नुभयो तर अहिलेसम्म पनि अवस्था अज्ञात रहेको छ । श्रीमान् बेपत्ता हुँदा गर्भमा रहेको छोरा कक्षा १२ पास भइसकेका छन् । छोराछोरीलाई बाबु र आमाको भूमिका एक्लैले निभाई हुर्काउँदाका क्षण सम्झँदा उहाँ भावुक हुनुभयो । कान्छो छोराले बाबुको अनुहार नै देख्न पाएन ।

श्रीमान्को नामको जग्गा नाम सारी गर्दा श्रीमान्को मृत्यु भएको प्रमाणपत्र मागेपछि उहाँलाई थप पीडा भयो । मृत्यु भयो भनौं भने कतैबाट घर आउँछन् कि भन्ने आशा छ, जिउँदो छन् भनौं भने वर्षौं भयो फर्केर आउँदैनन् । दोधारको जीवन बिताउँदा मानसिक पीडा धेरै भएको छ । घोराही निवासी एक महिला द्वन्द्वका समयमा माओवादी सेनामा जानुभयो । गाउँका दाइ नाता पर्ने र साथीहरु गएको देखेर त्यता लागेको उहाँले बताउनुभयो । त्यहाँ गएपछि (जनसेनामा) बन्दुक बोक्न र चलाउन सिकिन् । एकदिन प्रहरी चौकी आक्रमण गर्न गइन् ।

लडाइँमा रहँदा शरीरका विभिन्न भागमा गोली लाग्यो र घाइते भइन् । नौवटा गोलीका छर्रा शरीरमा अझै छन् । चिसो समयमा पूरै जीउ दुख्ने, कम्मरमुनिको भाग कम चल्ने गर्छ । द्वन्द्वका समयमा घाइतेलाई सहयोग गर्छौं भन्ने आश्वासन पाए पनि कुनै सहयोग पाउनुभएको छैन । आफ्नो पीडा कसलाई भन्ने ? द्वन्द्वपीडितका बारेमा सरकारले बोल्नुपर्ने उहाँको धारणा छ । महिला, शान्ति र सुरक्षाको आधारस्तम्भको रुपमा रहेको प्रस्ताव नं. १३२५ र १८२० का अतिरिक्त महिला, शान्ति र सुरक्षाका सम्बन्धमा संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्ले अन्य पूरक प्रस्तावहरु पनि पारित गरेको छ ।

संयुक्त राष्ट्रसंघको बडापत्रको धारा २५ अनुसार सुरक्षा परिषद्बाट पारित प्रस्ताव कार्यान्वयन गर्न संयुक्त राष्ट्रसंघका हरेक सदस्य राष्ट्रको दायित्व हुन्छ, भनी उल्लेख गरिएको छ । तत्कालीन १० वर्षे सशस्त्र द्वन्द्वका बेला आफन्त गुमाएका, हिंसामा परेका तथा बेपत्ता भएकाहरुको परिवारले लामो समयसम्म न्याय पाउन नसकेकोमा अब केही आशा पलाएको द्वन्द्वपीडित समाज दाङका अध्यक्ष प्रकाश चौधरीले बताउनुभयो । पीडितहरुले आफन्त बेपत्ता भएको लामो समयसम्म पनि लास वा सास केही पनि पत्तो पाउन नसकेको अवस्था छ । द्वन्द्वका समयमा बलपूर्वक बेपत्ता भएकासँगै ज्यान गुमाएका आफन्तहरुले हरेक दिन विगतको पीडा सहेर बाँच्नुपरेको, दु:ख भोग्नुपरेको उहाँको भनाइ छ ।

२०८१ साल असोज १३ गते लुम्बिनी प्रदेशमा आन्तरिक मामिला तथा कानुनमन्त्रीको संयोजकत्वमा प्रदेश निर्देशक समिति गठन गरिएको छ । मन्त्रालयका सूचना अधिकारी गंगाधर पाण्डेयका अनुसार प्रदेश निर्देशक समिति गठन गरी प्रदेशका सबै जिल्लामा परिपत्र गरिएको हो ।

जिल्लाको प्रगतिका बारेमा कुनै जानकारी संकलन भएको छैन । महिला शान्ति सुरक्षासम्बन्धी प्रस्ताब नम्बर १३२५ र १८२० को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्यायोजनाको समय ५ महिना मात्र बाकी रहेको छ । लुम्बिनी प्रदेशका एक कर्मचारीले नाम नबताउने सर्तमा भन्नुभएको छ, आन्तरिक मामिलामन्त्री संयोजक रहेको निर्देशन समितिले गर्नुपर्ने कामका बारेमा मन्त्री नै गम्भीर नभएका कारण काम हुन सकेको छैन ।

मन्त्रीले बैठक बोलाउन नमान्ने र चासो नदिएका कारण काम हुन सकेको छैन । द्वन्द्वपीडितको विषयमा संघीय सरकाले काम गर्ने हो, हामीलाई चासो छैन भन्नेर पन्छिने गरेको पाइएको छ । अधिवक्ता इन्दिरा आचार्यले द्वन्द्वपीडितले राहत र परिपूरण नपाएको अवस्था रहेको बताउनुभयो । अन्तरिम राहत पाए पनि पूरक राहत पाएका छैनन् । द्वन्द्वकालीन यौनजन्य हिंसा तथा बलात्कारका घटनाको अनुसन्धान गर्न आवश्यक छ ।

लुम्बिनी प्रदेशका रोल्पा, दाङ, बाँके, बर्दिया र रुकुमलगायतका जिल्लामा यौनहिंसापीडितको संख्या बढी छ । यी जिल्लामा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका घटनाहरू धेरै भए तर पीडितले अहिलेसम्म कुनै राहत पाएका छैनन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ को दफा २६(५) संशोधनपछि गम्भीर मानवअधिकार उल्लंघन जस्तै- बलात्कार, अपाङ्गता गराउने गरी गएिको यातना, अपहरण वा जबरजस्ती बेपत्ता पारिएका आदि कसुरमा मेलमिलाप गर्न सकिनेछैन ।

नागरिक समाज दाङले द्वन्द्वका समयमा यौन तथा मानसिक हिंसामा परेकाहरु खुलेर बोल्न सक्ने नभएकाले गोपनीयताको हकलाई प्रयोग गरेर यस्ता कुराको खोजी गर्नुपर्ने माग राख्दै आएको छ । नागरिक समाज दाङका अध्यक्ष नीमबहादुर थापाका अनुसार द्वन्द्वका समयमा महिला र बालबालिका हिंसामा परेका थिए, उनीहरुलाई घरबाट जबरजस्ती उठाएर लैजाने काम भएको थियो । उनीहरुको एकिन तथ्यांक नहुँदा त्यो बेलाका घटना ओझेल पार्ने काम भएको छ । लुम्बिनी प्रदेशका द्वन्द्वपीडित महिलाहरुको अवस्था अत्यन्त संवेदनशील र पीडादायी छ ।

उनीहरु यौनहिंसा, जबरजस्ती बेपत्ता, यातना, सामाजिक बहिस्कारजस्ता पीडा भोग्न बाध्य भएका थिए । लुम्बिनी प्रदेशका द्वन्द्वपीडित महिलाहरूले दशकौंअघिको सशस्त्र द्वन्द्वका घाउ अझै पनि बोकेर हिँडिरहेका छन् । उनीहरूले न्याय, परिपूरण, स्वास्थ्य सेवा र सामाजिक पुनर्स्थापनाका लागि विभिन्न मागहरू राख्दै आएका छन् तर राज्यका नीतिगत कमजोरी, कार्यान्वयनको अभाव र राजनीतिक उपेक्षाका कारण ती मागहरू अझै पनि पूरा हुन सकेका छैनन् ।

द्वन्द्वकालमा बेपत्ता पारिएका परिवारका सदस्यहरूको अवस्था स्पष्ट पार्न र दोषीलाई कानुनी कारबाही गर्न पीडित महिलाहरूले जोड दिँदै आएका छन् । यस्तै द्वन्द्वका कारण मानसिक आघात भोगेका महिलाहरूले मनोसामाजिक परामर्श र स्वास्थ्य सेवाको आवश्यकता महसुस गरेका छन् ।

तर यस्ता सेवाहरूको पहुँच अझै पनि सीमित छ । द्वन्द्वपीडित महिलाहरूले सामाजिक बहिष्कार र लाञ्छनाको सामना गरिरहेका छन् । उनीहरूले आत्मसम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरणको माग गरेका छन् ।

(लेखक अधिकारी दाङको पत्रकार हुनुहुन्छ ।)

# शुद्ध, सुरक्षित खानेपानी अब सपना होइन, व्यवहारिक हक बन्ने छः मन्त्री यादव



काठमाडौं- सुनकोशी, (सिन्धुली), खानेपानीमन्त्री प्रदीप यादवले आम नेपाली नागरिकका लागि शुद्ध, सुरक्षित खानेपानी सपना मात्रै होइन, अब व्यवहारिक हक बन्ने बताउनु भएको छ ।

१९ गते सिन्धुलीको सुनकोशी गाउँपालिका वडा नं ५ र ६ मा सम्पन्न "नाङ्गेडाँडा बृहत् पम्पिङ खानेपानी योजना" उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नं हुँदै मन्त्री यादवले सरकारको उच्च प्राथमिकतामा रहेको 'स्वच्छ पानी, स्वस्थ जीवन' अभियान अन्तर्गत देशभरिका दुर्गम गाउँदेखि सहरसम्म खानेपानी सेवा सर्वसुलभ गराउने दीर्घकालीन नीति रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी समृद्ध र स्वस्थ नेपाल निर्माण गर्ने हाम्रो साझा सपना साकार पार्ने दिशामा एक महत्वपूर्ण पाइला चाल्दैछौं । जहाँ शुद्ध पानी अब सपना होइन, व्यवहारिक हक बन्नेछ ।"

यसैगरी मन्त्री यादवले शुद्ध, सुरक्षित खानेपानी एक सेवा नभई यो नागरिकको अधिकार भएको तथा मानव जीवनको मूलभूत आवश्यकता पनि भएको जिकिर गर्नंभयो । "आज यहाँ सुरु गरिएको यो योजना हाम्रो प्रतिबद्धताको प्रत्यक्ष उदाहरण हो । म विश्वस्त छु । यहाँका प्रत्येक दाजुभाइ दिदीबहिनीहरूले यसको प्रत्यक्ष लाभ उठाउनेछन्," मन्त्री यादवले भन्नुभयो ।

सरकार विकासको प्रत्येक पाइलामा नागरिकको अपेक्षालाई सर्वोपरि राखेर अघि बढिरहेको तथा संघीय सरकार, स्थानीय निकाय र जनताको सक्रिय सहकार्यको उदाहरण स्वरुप सिन्धुलीको सुनकोशी गाउँपालिकाको नाङ्गेडाँडा खानेपानी योजना सफल बन्न पुगेको मन्त्री यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "यो आयोजना सरकारको 'घर-घरमा सुरक्षित पानी' पहुँचको रणनीति हो । जसले समग्र जनस्वास्थ्य र स्थानीय समृद्धिमा योगदान पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु ।"

आयोजनाको निर्माण कार्यका लागि सम्झौता बिसं २०७९ साल असार ९ गते गरिएको तथा प्रारम्भिक योजना अनुसार, आयोजनाको कार्य बिसं २०८१ साल असार ८ गतेभित्र सम्पन्न गरिसक्ने लक्ष्य राखिएको खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "कार्य प्रगति र आवश्यक परिमार्जन पछि अन्तिम लागत रु ३७ करोड ९४ लाख ९० हजार ५२४ पुगेको छ । यस आयोजनाले यहाँका नागरिकलाई स्वच्छता, स्वास्थ्य र समृद्धि का क्षेत्रमा सकारात्मक प्रभाव पुऱ्याउने विश्वास लिइएको छ ।"


सुनकोशी गाउँपालिकाको नाङ्गेडाँडा आयोजना अन्तर्गत कुल दुई हजार ५३५ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित हुनुका साथै प्रत्येक परिवारमा शुद्ध र सुरक्षित खानेपानी पुग्ने लक्ष लिइएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना प्रमुख इञ्जिनियर हेराकाजी मर्हजनले जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा सिन्धुली-२ बाट निर्वाचित प्रतिनिधी सभा सदस्य लेखनाथ दहाल ९राजन०, सुनकोशी गाउँपालिकाका अध्यक्ष दीपा बोहोरा दाहाल, उपाध्यक्ष कपिलकुमार कोइरालाले नाङ्गेडाँडा बृहत् पम्पिङ खानेपानी योजनाले यहाँका नागरिकको खानेपानीको समस्या समाधान गर्ने विश्वास व्यक्त गर्नंभएको थियो ।

खानेपानी मन्त्रालयका सचिव ई प्रमिला देवी शाक्य बज्रचार्यले आगामी दिनहरूमा पनि यहाँका नागरिकलाई अझ आधुनिक, पहुँचयुक्त र जनमैत्री खानेपानी सेवा पुऱ्याउने सरकारको अटल सङ्कल्प रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा सुनकोशी गाउँपालिका-५ का वडाअध्यक्ष सुरतकुमार वस्याल, सुनकोशी-६ का वडाअध्यक्ष महेन्द्रबहादुर थापा लगायत विभिन्न राजनैतिक दलका प्रतिनिधि, स्थानीयवासीको सहभागिता रहेको थियो ।

*समाचारको स्रोत विमल विष्ट*




रामेछाप डायरी

## रामेछाप रामपुरका भूमिहीन सुकुम्बासीलाई निस्सा वितरण सुरु



रामेछापको रामेछाप नगरपालिका वडा नं ५ रामपुरका भूमिहीन सुकुम्बासीलाई लालपूर्जा वितरण गर्नको लागि निस्सा प्रदान गर्न सुरु गरिएको छ । भूमि समस्या समाधान आयोग जिल्ला समिति रामेछापले जिल्लामै पहिलो पटक रामपुरबाट भूमिहीन र सुकुम्बासीलाई निस्सा दिन थालेको हो ।

रामपुरका ३ सय १५ जना भूमिहीन र २ जना सुकुम्बासीलाइ शनिबार निस्सा वितरण गरिएको वडाअध्यक्ष हरिशचन्द्र श्रेष्ठले जानकारी दिनुभयो । जनजातिहरुको मात्रै बसोबास रहेको यो वडामा लामो समयसम्म जग्गा नपाएका भूमिहीन सुकुम्वासी नागरिकले निस्सा प्राप्त गरेसँगै अब लालपुर्जा पाउने बाटो खुलेको उहाँले बताउनुभयो ।

निस्सा प्राप्त गरे पछि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु अब चाँडै लालपुर्जा पाउने आशामा बसेको वडाअध्यक्ष श्रेष्ठले बताउनुभयो ।

निस्सा पाएका लाभग्राहीहरुको अब थप अनुगमन गरेर जग्गा वितरणका लागि नाँपजाँच गर्ने कार्य अगाडि बढेपछि लालपूर्जा वितरण हुने बताइएको छ ।

## माजसेवी कुमार कार्कीद्धारा पटनादेवी माविका विद्यार्थीलाई ट्याक सुट वितरण



रामेछापको रामेछाप नगरपालिका वडा नं ७ भालुखोप डाँडामा रहेको पटनादेवी माध्यमिक विद्यालयका विद्यार्थीलाई ट्याक सुट वितरण गरिएको छ । बुधबार सोही वडाको भालुखोपका समाजसेवी कुमार कार्कीले विद्यार्थीलाई व्यक्तिगत खर्चमा ट्याक सुट वितरण गर्नंभएको हो ।

रोजगारीमा सिलसिलामा परदेशमा रहँदै आएका कार्कीले छुट्टीमा गाउँ आएको बेला आफुले समेत अध्यन गरेको विद्यालयका विद्यार्थीलाई कपडा वितरण गर्नंभएको हो । विद्यालयका १ सय ३८ जना विद्यार्थीलाई ट्याक सुट र टिसर्ट वितरण गर्न पाउँदा खुशी लागेको उहाँले बताउनुभयो ।

साथै उहाँले विपन्न तथा जेहेन्दार कक्षा ७ मा अध्यनरत छात्र सुमन कार्कीलाई कक्षा १२ सम्म अध्यन गर्नका लागी हरेक वर्ष पढाईका लागी नगद १० हजार रुपैयाँ समेत सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नंभयो ।

यो वर्षको लागि १० हजार नगद समेत सुमनलाई हस्तान्तरण गर्नंभयो । विद्यार्थीलाई न्यानो कपडा वितरण गरेकोमा विद्यालयका प्रधानाध्यापक मोहन श्रेष्ठले समाजसेवी कार्कीलाई हार्दिक धन्यवाद व्यक्त गर्नंभयो ।

## रेशम चौधरीबारे मागियो प्रधानमन्त्रीसँग जवाफ, खोजियो न्यायिक छानबिन



काठमाडौं- नागरिक उन्मुक्ति पार्टी (नाउपा) का संरक्षक रेशम चौधरीको पक्राउबारे सांसदहरूले प्रधानमन्त्रीसँग जवाफ मागेका छन् ।

सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसदहरूले एक जना कर्मचारीले अदालतबाट फर्जी पक्राउ पुर्जी बनाउने आँट गर्न नसक्ने बताए ।

अदालतबाट फर्जी पक्राउ पुर्जी बनाएर चौधरीलाई पक्राउ गरेर ५ घण्टासम्म काराबासमा राखिनुका पछाडि राजनीतिक सम्बन्ध हुन सक्ने उनीहरूको आशंका छ ।

नागरिक उन्मुक्ति पार्टीले त चित्त बुझ्दो जवाफ नदिए संसद्मा अवरोध गर्ने र सरकारलाई दिएको समर्थन नै फिर्ता लिने चेतावनी दिएको छ ।

नाउपाका सांसद गंगाराम चौधरी सर्वोच्च अदालतमा एक जना कर्मचारीले फर्जी पक्राउ पुर्जी बनाएर अगाडि बढाउन नसक्ने बताउँछन् ।

'शाखा प्रमुखले एक्लैले गरेका होइनन् । यसको राजनीतिक सम्बन्ध हुन सक्छ,' चौधरी भन्छन्, 'यदि यसबारे छानबिन भएन भने भोलिदेखि सदन् अवरोध गर्ने र सरकार छोड्ने चोतावनी दिन चाहन्छौं' सांसद चौधरीले भनेका छन् ।

यो विषयमा प्रधानमन्त्री र गृहमन्त्रीले जवाफ दिनुपर्ने उनको माग छ । उनी भन्छन्, 'यसको जवाफ प्रधानमन्त्रीसहित गृहमन्त्रीले दिनुपर्छ ।'

यही वैशाख १७ गते नाउपा र जनमत पार्टीबीच एकीकरण गर्ने तय भएको थियो । एकीकरण घोषणाका लागि प्रज्ञा भवनमा पुगेका बेला रेशम चौधरी पक्राउ परेका थिए ।

तर, सर्वोच्च अदालतबाट जारी भएको भनिएको पक्राउ पुर्जी फर्जी रहेको थाहा लागेपछि रेशम चौधरी छुटेका थिए । त्यसक्रममा रशेम चौधरीले ५ घण्टा डिल्लीबजार कारागारमा बिताएका थिए ।

जनमत पार्टीका सांसद अब्दुल खान रेशम चौधरीको पक्राउमा निश्पक्ष छानबिन हुनुपर्ने बताउँछन् ।

रेशम चौधरीको पक्राउ गर्नंको कारण नाउपा र जनमतलाई मिल्न नदिने षडयन्त्र रहेको उनको आशंका छ ।

'यो घटनाले थारु मुस्लिम एकता तोड्ने काम भयो' जनमतका उपाध्यक्ष समेत रहेका खानले भने, 'यो घटनाको निश्पक्ष छानबिनको माग गर्दछु ।'

यो घटना सामान्य घटना नरहेको भन्दै उनले निश्पक्ष छानबिनका लागि सरकारलाई रुलिङ गर्न सभामुख समक्ष आग्रह गरे ।

### न्यायिक छानबिनको माग

कतिपय सांसदहरूले रेशम चौधरीको पक्राउमा न्यायीक छानबिनको माग राखेका छन् । रास्वपाले यो घटनामा न्यायिक छानबिनको माग गरेको छ ।

रास्वपाका सांसद शिव नेपाली भन्छन्, 'नागरिक उन्मुक्ति पार्टीका संस्थापक रेशम चौधरीको पक्राउप्रति सरोकार राख्दै न्यायिक छानबिनको माग गर्दछु ।'

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर पनि निष्पक्ष छानबिनको माग गर्दछन् ।

'कुनै कारण छैन पक्राउ गऱ्यो । ५ घण्टा जेलमा राखिदियो । यसबारे निष्पक्ष छानबिन हुनुपर्छ,' उनले भने ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका सांसद हेमराज राई पनि रेशम चौधरीको पक्राउ प्रकरणले कानुनी शासनको खिल्ली उडाएको बताउँछन् ।

'नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीमाथि गैरकानुनी ढंगले पक्राउ गर्ने र पाँच/पाँच घण्टासम्म कारागारमा राख्ने कामले यो देशको कानुनी राज्य र सुशासनको खिल्ली उडाएको छ' एमाले सांसद राईले भनेका छन् ।

उनले यो घटना वा प्रकरणका संलग्न व्यक्तिमाथि छानबिन गर्न र कारबाहीको दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गरेका छन् ।

# सौर्य एयरलाइन्स उडान इजाजत नवीकरण प्रक्रियामा, एटीआर जहाज लिजमा ल्याउने



काठमाडौं- दुर्घटनाका कारण ग्राउण्डेड सौर्य एयरलाइन्सले नौ महिनापछि पर्यटन मन्त्रालयमा उडान इजाजत नवीकरण प्रक्रिया अगाडि बढाएको छ। परीक्षण उडान सफल भएपछि एयरलाइन्सले उडान इजाजत नवीकरण प्रक्रिया अगाडि बढाएको हो ।

कम्पनीले उडानका लागि एटीआर ७२-६०० सिरिजका ३ वटा जहाज ल्याउने तयारी गरेको छ । जहाज लिजमा ल्याउने कम्पनीका अध्यक्ष दीपक पोखरेलले जानकारी दिए ।

उनका अनुसार कम्पनीले पुनः उडान सञ्चालनका लागि डेढ अर्ब रुपैयाँ लगानी गर्दैछ । एक अमेरिकी वायुसेवा कम्पनीले प्रयोग गर्दै आएको एटीआर जहाज लिजमा ल्याउने कम्पनीको तयारी छ ।

बम्बार्डियरको जेट इन्जिन जहाज (सीआरजे-२००) उडान सञ्चालनमा अत्यधिक घाटा व्यहोरेपछि कम्पनीले एटीआर ७२ जहाजमार्फत उडान गर्ने योजना अगाडि बढाएको हो ।

'हामी परीक्षण उडानमा सफल भइसकेका छौं । त्यसैले इजाजत नवीकरण प्रक्रिया अगाडि बढाएका छौं । अहिले दुईमध्ये एउटा जहाज मर्मत संभारमा छ र अर्को जहाज उडानयोग्य छ,' अध्यक्ष पोखरेलले भने, 'अब एटीआरको ६०० मोडलको जहाजमार्फत उडान सेवा दिने व्यावसायिक योजना अनुसार ३ साताभित्रै ३ वटा जहाजको लिज पर्चेज एग्रिमेन्ट यर्दैछौं ।'

कम्पनीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुझाउनुपर्ने बक्यौता सबै तिरिसकेको छ । २०८१ साउन ९ गते त्रिभुवन विमानस्थलबाट पोखरा उडान गर्ने क्रममा जहाज दुर्घटना भएपछि सौर्य एयरलाइन्सको उडान बन्द छ ।

# कर्जाको माग नभएर तरलता थुप्रिँदा लागत घटाउन बैंकहरु अल्पकालीन लगानीतर्फ

काठमाडौं- दीर्घकालीन लगानी प्रभावित हुँदा बैंक तथा वित्तीय संस्थाहरूले अल्पकालीन लगानीतर्फ केन्द्रित हुन थालेका छन् । ब्याजदर घट्दै आइरहे पनि कर्जाको माग सुस्त भई नाफा प्रभावित हुने देखिएपछि बैंकहरू अल्पकालीन उपायतर्फ अघि सरेका हुन् ।

परियोजना कर्जाको माग नभएर तरलता थुप्रिएको बेलामा लागत कम गर्न अल्पकालीन लगानीतर्फ केन्द्रित भइरहेको बैंकरहरु बताउँछन् । ब्याजदर घट्दै आइरहे पनि लगानी बढाउन नसकेर नाफा प्रभावित हुने देखिएपछि अल्पकालीन लगानी केन्द्रित भइरहेको उनीहरूको भनाइ छ ।




लगानी बढाउन नसकिएको बेलामा निक्षेपको लागतभन्दा सस्तोमा अल्पकालीन लगानी गरिरहेको एभरेस्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सीइओ सुदेश खालिङ बताउँछन् । 'रेमिटेन्स निरन्तर बढ्दो छ। रेमिटेन्स बढ्दा त्यसले तरलता बढाउन सहयोग पुग्छ,' उनले भने, 'निक्षेप बढे पनि त्यो अनुसार कर्जा माग छैन । कर्जा प्रवाह खुम्चिएपछि सर्टटर्म लगानीमा केन्द्रित भएका छौं ।'

उनका अनुसार पर्याप्त तरलताका कारण लगानी बढाउन नसकेपछि नन्-डेलिभरी फरवार्ड (एनडीएफ)मा लगानी बढेको छ ।

बैंकहरूले आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म नन्-डेलिभरी फरवार्ड (एनडीएफ)मा लगानी गर्न सक्छन् । बैंकहरुको कुल पुँजी कोष ६ खर्ब २२ अर्ब रुपैयाँ जति छ ।

चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले नन्-डेलिभरी फरवार्ड १५ प्रतिशत लगानीको सीमा बढाएर २० प्रतिशत पुऱ्याएको छ। एनडीएफमा लगानी सीमा बढाइदिएपछि बैंकहरुलाई लगानी बढाउन केही राहत पुगेको देखिन्छ।

एनडीएफमा लगानीको सीमा १५ बाट २० प्रतिशत पुऱ्याउँदा ३५/४० अर्ब थप लगानी स्पेस बनेको अर्को बैंकका सीइओले बताए ।

'कर्पोरेट र प्रोजेक्ट फाइनान्समा इन्भेष्टर नै ऋण लिन इच्छुक देखिएका छैनन्,' ती सीइओले बिजमाण्डूसँग भने,'ऋण धेरैलाई आवश्यक छ। तर, उनीहरू लोन लिन आवश्यक डकुमेन्ट दिन सक्न सक्दैनन्। उपत्यका खोला नालाले नछोएको ठाउँ छैन। १० जनाको धितो मूल्याङ्कन गर्दा ४ वटा रिजेक्ट हुन्छ।'

कर्पोरेट र प्रोजेक्ट फाइनान्समा इन्भेष्टरहरु ऋण लिन ऋणी नै इच्छुक नभएको बेलामा डकुमेन्ट पुरा गर्न नसकेर ऋणीलाई कर्जा दिन सक्ने अवस्था नभएको उनको भनाइ छ ।

कर्जाको माग बढ्न नसकेपछि निक्षेप ३ प्रतिशतमा राष्ट्र बैंकमा पार्क गरिरहेको उनले बताए । अधिक तरलताका कारण अहिले बैंक तथा वित्तीय संस्थाहरूले स्थायी निक्षेप सुविधामार्फत १ खर्ब ३० अर्ब र निक्षेप संकलन उपकरणमार्फत १ खर्ब ८६ अर्ब ७० करोड राष्ट्र बैंकमा पार्क गरिरहेका छन् ।

यो बाहेक सरकारी ऋण पत्रहरूमा लगानी गरिरहेको उनले बताए। बैंकहरूले ट्रेजरी विल्स र विकास ऋणपत्र र वण्डहरुमा लगानी गरिरहेको बताए ।

'अहिले निक्षेपको औसत ब्याजदर ४.५४ प्रतिशत र कर्जाको औसत ब्याजदर ८.४० प्रतिशतमा झरेको छ,' उनले भने, 'ब्याजदर घटे पनि निक्षेप बढिरहेको भए पनि कर्जाको माग भने सुस्त नै छ। लागत मात्रै बोकेर बस्दा नाफा प्रभावित हुने हुँदा लागत भन्दा कममा भए पनि अल्पकालीन लगानी गरिरहेका छौं ।'

# बाफिया संशोधन विधेयकमाथि अर्थ समितिले दफाबार छलफल गर्दै, यस्ता छन् प्रस्ताव

काठमाडौं- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (बाफिया) संशोधन विधेयकमाथि प्रतिनिधि सभाको अर्थ समितिले आइतबारबाट दफाबार छलफल गर्दैछ ।

बाफिया संशोधन विधेयकमा सरकारले बैंक तथा वित्तीय संस्थाका सञ्चालकको उमेर हद तोक्नुका साथै प्रमुख कार्यकारी अधिकृत (सीइओ) नियुक्त र बर्खास्त गर्न नेपाल राष्ट्र बैंकको सहमति लिनुपर्ने व्यवस्था प्रस्ताव गरेको छ ।

हाल बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र तथा विनियमावलीको अधिनमा रही सञ्चालक समितिले सीइओ नियुक्त गर्न सक्ने व्यवस्था छ ।

सरकारले संशोधन विधेयकमार्फत बैंक तथा वित्तीय संस्थाको सीइओ बन्न स्नातकोत्तर उपाधि हासिल गरेको र ३ वर्षको अनुभव हासिल गरेको हुनुपर्ने व्यवस्था प्रस्ताव गरेको छ ।

अहिले स्नातक उपाधि हासिल गरेको र कम्तीमा ५ वर्षको अनुभव भएको व्यक्ति सीइओ हुन पाउने व्यवस्था छ ।

यस्तै सञ्चालकको शैक्षिक योग्यता न्यूनतम स्नातक हुनुपर्ने, सञ्चालकको उमेर कम्तिमा २५ वर्ष र बढीमा ७० वर्ष कटेको हुन नहुने, बढीमा २ कार्यकाल मात्र सञ्चालक हुन पाउने, बैंक तथा वित्तीय संस्थाको सञ्चालक पूर्वाधार विकास बैंकको सञ्चालक हुन नपाउने, एक महिलासमेत दुई जना स्वतन्त्र सञ्चालक हुनु पर्ने, 'सम्बद्ध व्यक्ति' मध्येको कोही कुनै बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुन खोजेमा 'सम्बद्ध व्यक्ति'को जम्मा कर्जा उक्त बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजीको १ प्रतिशतभन्दा बढी हुन नहुने लगायत व्यवस्था प्रस्ताव गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले आफूसँग सम्बद्ध व्यक्ति वा कुनै बैंकमा उल्लेख्य स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा दिन नपाउने प्रस्ताव छ ।

संशोधन विधेयकको दफा १८ मा सञ्चालकका लागि थप सर्त राखिएको छ ।

'इजाजत प्राप्त संस्थाहरुबाट निज वा निजको परिवारले लिएको कुल व्यावसायिक ऋण सम्बन्धित बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजीको तोकिएको प्रतिशतभन्दा बढी भएको हुनुहुँदैन,' प्रस्तावित विधेयकमा भनिएको छ ।

अर्थात् कुनै बैंकबाट राष्ट्र बैंकले तोकेको प्रतिशतभन्दा बढी कर्जा लिएको भए त्यो व्यक्ति बैंकको सञ्चालक बन्न पाउने छैन ।

संशोधित विधेयकमा सबैभन्दा बढी चर्चामा आएको 'बैंकर' र 'व्यवसायी' छुट्याउन व्यवस्था गरिएको देखिन्छ । यो दफामा भनिएको छ, 'बैंक तथा वित्तीय संस्थाले आफूसँग सम्बद्ध व्यक्ति वा कुनै बैंकमा उल्लेख्य स्वामित्व भएको व्यक्तिलाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न पाउने छैन ।'



यो दफामा दुई किसिमका ग्राहकहरुलाई कर्जा दिन नपाइने भनिएको छ । पहिलो, आफूसँग सम्बद्ध व्यक्ति र दोस्रो, अन्य कुनै बैंकमा उल्लेख्य स्वामित्व भएको व्यक्ति ।

बाफियामा व्यक्ति वा संस्थाले एक्लै वा संयुक्तरुपमा बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजीको १ प्रतिशत (अहिले २ प्रतिशत छ) वा सोभन्दा बढी सेयर लिएको अवस्थालाई 'उल्लेख्य स्वामित्व' भनिने भनिएको छ ।

त्यसैगरी, कार्यकारी अध्यक्ष र प्रबन्ध निर्देशकको व्यवस्था हटाइएको छ। ओभरसाइटको भूमिकामा रहेको बोर्ड र व्यवस्थापनलाई छुट्याइएको छ ।

डिजिटल मुद्रा र डिजिटल बैंकको व्यवस्था गरिएको छ। 'धितो', 'सुरक्षण' र 'धितो सुरक्षण' का बारेमा स्पष्ट पारिएको छ। 'धितो' भन्ने बित्तिकै घरजग्गा बुझ्नेहरुलाई आफ्नो बुझाइ सच्याउन यसले मद्दत गर्नेछ ।

साथै, माइक्रो फाइनान्स कम्पनीहरूको सर्वसाधारणलाई छुट्याइएको सेयरमध्ये ४० प्रतिशत सेयर आफ्ना कर्जा ग्राहकलाई छुट्याउनु पर्नेछ ।

# मेघौलीको लक्जरियस रिसोर्टमा सिद्धार्थको इन्ट्री

चितवन- व्यावसायिक चेन विस्तार गर्दै सिद्धार्थ समूह वाइल्ड लाइफ जंगल रिट्रिटमा प्रवेश गरेको छ । समूहले मेघौलीस्थित साराङ वाइल्डलाइफ सेन्चुरीको भिल्ला संरचनासहित १२ बिघा जग्गा लिजमा लिएर आफ्नै व्यवस्थापनमा सेवा सञ्चालनमा ल्याउन लागेको हो । समूहका प्रमुख कार्यकारी अधिकृत कृष्ण न्यौपानेले यसको पुष्टि गरे ।

पर्यटन व्यवसायमा अघि बढ्ने व्यवस्थापनको योजनाअनुसार समूह अघि बढेको हो । 'समग्र पर्यटन र आतिथ्यता क्षेत्र विस्तार गर्दै जाने उद्देश्य लिएर अगाडि बढिरहेका छौं । अब लक्जरी टुरिजममा जानेछौं,' उनले भने, 'भैरहवामा सिद्धार्थ भिलासा र सौराहामा सिद्धार्थ भिलासा वनवास सञ्चालनमा आइसकेको छ। मेघौलीमा थप एउटा लक्जरियस सेवा सुरु गर्न लागेका हौं ।'

समूहले रिट्रिट सिद्धार्थ होटल एण्ड रिसोर्ट प्रालिमार्फत लिजमा लिएर सञ्चालन गर्न लागेको जनाएको छ । साराङ वाइल्डलाइफ सेन्चुरीका सञ्चालक सुबोध प्रधानसँग यो प्रोपर्टी लिजमा लिइएको हो ।

उक्त रिसोर्टलाई मेघौलीकै उत्कृष्ट लक्जरी सहितको सेवा दिनेगरि सञ्चालनमा ल्याउने व्यावसायिक योजना रहेको न्यौपानेले जानकारी दिए । नयाँ व्यवस्थापनसँगै रिट्रिटमा अब सेवा पनि पर्यटक रिझाउने प्रकारको हुनेछ।

वाकिङ ट्रेल, साइकल ट्रेल विस्तारसँगै विभिन्न प्रजातिका चरा र जनावरलाई आकर्षण गर्न पानीपोखरी बनाउने र फलफूल खेती गर्ने पनि योजना रहेको उनले बताए ।

वाइल्डलाइफ मन पराउने पर्यटकलक्षित यो रिट्रिटको वातावरण थप प्राकृतिक बनाउँदै जाने उनले जानकारी दिए। उनका अनुसार रिट्रिटमा स्थानीय खाद्य सामाग्रीकै प्रयोग गर्ने र स्थानीयलाई नै रोजगारी दिने योजना छ।

'यहाँ पर्यटकलाई ल्याएर जंगल घुमाउने मात्र होइन हात्तीसँगको बसाइ, ढुंगे थेरापी, वेलनेस, ध्यान, चराचुरुंगीसँगको अन्तरंग, साहित्य सिर्जना लगायत अनुभूति दिनु नै हाम्रो उद्देश्य हो। यो मेघौलीकै लक्जरी रिट्रिट सेन्टर हुनेछ,' उनले भने ।

इलाममा छिट्टै अर्को लक्जरियस प्रोपर्टी तयार गरि चिया पर्यटन प्रवर्धनलक्षित आतिथ्यता दिने योजना रहेको उनले बताए ।

२४ वटा भिल्ला क्षमताको मेघौलीको रिट्रिटमा पाहुनाका लागि स्विमिङ पुल, दुई वटा हल, लबी बार, पुल साइड बार लगायत सुविधा छ । 'हामी प्राकृतिक जंगलछेउमै खोलिएका रिसोर्टमा आकर्षण छ । राप्ती किनारमै मेघौली सेराइ, बाराही जंगल लज लगायत रिसोर्ट छन्,' उनले भने, 'हामी प्राकृतिक जंगल छेउमै भएका कारण पाहुनाले थप विशेष अनुभूति गर्न सक्नुहुने आशा गर्छौं ।'




रिट्रिटमा पुगेका पर्यटकले पिकअपमार्फत जंगल सफारी, हात्ती सफारी, बर्ड वाचिङ लगायत सेवा लिन सक्छन् ।

सिद्धार्थ हस्पिटालिटी २०५४ सालबाट कैलाली बाट सुरु भएको हो। २०४५ सालबाट पारिवारिक आतिथ्यता सेवा दिँदै विस्तार भएको कम्पनी हो । भीमलाल न्यौपानेको नेतृत्वमा स्थापना भएको सिद्धार्थ समूहका अध्यक्ष लक्ष्मण न्यौपाने हुन् ।

समूहले सिद्धार्थ भिलासा, वैभव, वाटिका, कटेज, रेस्टुरेन्टलगायत सिद्धार्थ ब्रान्डमा ३० वटा आउटलेट सञ्चालन गर्दै आएको छ ।समूहले सूचना प्रविधि, कृषि, शिक्षा, खाद्यान्न, ट्राभल एजेन्सी लगायत सेवा पनि दिँदै आएको छ ।

# गुणाकर भट्टलाई गभर्नर नियुक्त गर्न सर्वोच्चले रोकेन



काठमाडौं- उमेर सम्बन्धी मापदण्ड नै संशोधन गरेर स्वार्थ समूहले अगाडि सारेका व्यक्तिलाई नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्त गर्ने तयारीकै बीच सर्वोच्च अदालतले तत्काललाई त्यस्तो निर्णय नगर्न जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ।

२०८१ चैत ३१ गते दर्ता भएको मुद्दामा २०८२ वैशाख २ गते सुनुवाइ गर्दै न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो। पाण्डेयको आदेशमाथि न्यायाधीशहरु तिलप्रसाद श्रेष्ठ र बालकृष्ण ढकालको संयुक्त इजलासले लालमोहर लगाउँदै अन्तरिम आदेश जारी गरेको हो ।

पाण्डेयको इजलासले ६५ वर्ष पुगेकालाई गभर्नर नियुक्त नगर्न अल्पकालीन अन्तरिम आदेश दिइ दुवै पक्षलाई बोलाएर कुरा गरेपछि मात्र अन्तरिम आदेशका बारेमा निर्णय लिने फैसला गरेको थियो ।

त्यसपछि सात पटक पेसी चढे पनि सुनुवाइ हुन सकेको थिएन । पहिलो सुनुवाइ भएको १५ दिनपछि संयुक्त इजलासले सुनुवाइ गर्दै आदेश दिएको हो ।

इजलासको सुरुमै 'श्रीमान् नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट राजीनामा गराएर डा. गुणाकर भट्टलाई गभर्नर बनाउन लागिएको पूरक निवेदन पनि छ'

» बाकी ८ पृष्ठमा

# स्पार्क कारको एड्भेन्चर यात्रा २६ गतेदेखि

काठमाडौं- सवारीसाधन र ड्राइभर सेवा उपलब्ध गराउँदै आएको स्पार्क कारले वैशाख २६ गतेदेखि 'गेट वे टु एभरेष्ट' एड्भेन्चर यात्रा गराउने भएको छ ।

कम्पनीले बीवाइडी गाडीमार्फत २०० जनालाई काठमाडौंबाट सोलुखुम्बुको गौरीटापसम्म यात्रा गराउने भएको हो ।

'दिगो पर्यटन र ग्रीन मोबिलिटी प्रवर्धनका साथै ओझेलमा परेका पर्यटकीय गन्तव्यको प्रचारका लागि स्पार्क एड्भेन्चर गर्न लागेका हौं,' स्पार्क कारका निर्देशक सीताराम घिमिरेले भने ।

यात्रा ३ दिनको हुनेछ । ३ हजार मिटरको उचाइमा रहेको गौरीटाप काठमाडौंबाट एक दिनमा पुगिनेछ । घिमिरेका अनुसार गौरीटापबाट सगरमाथा लगायत हिमाल अवलोकन गर्न सकिनेछ ।

काठमाडौंबाट २३० किलोमिटरको दूरीमा रहेको गौरीटाप नेचासल्यान गाउँपालिका र सोलु दूधकुण्ड नगरपालिकाको सीमानामा पर्छ ।

जन आकाश
Jana Aakash National Weekly



## खेलकुद

# राष्ट्रिय महिला फुटबल : एपीएफले वीरगन्जलाई १२-० ले हरायो



मकवानपुर- हेटौंडामा जारी राष्ट्रिय महिला फुटबल प्रतियोगिता-२०८२ को सेमिफाइनल समीकरण पूरा भएको छ । सोमबार भएको खेलमा विभागीय टोली सशस्त्र प्रहरीको एपीएफ क्लबले वीरगञ्ज युथ एकेडेमीलाई १२-० गोलअन्तरको फराकिलो जित निकालेसँगै सेमिफाइनल समीकरण पूरा भएको हो ।

फाइनल प्रवेशका लागि सशस्त्रले ए डिभिजन टोली संकटाको सामना गर्नेछ । अन्तिम दुईमा पुग्नका लागि नेपाल पुलिस क्लबले चितवन फुटबल क्लबसँग प्रतिस्पर्धा हुनेछ । दुवै सेमिफाइनल खेल मंगलबार हुने आयोजक जिल्ला फुटबल संघ मकवानपुरले जनाएको छ ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा जारी प्रतियोगिताअन्तर्गत वीरगन्जसँगको खेलमा एपीएफले एक दर्जन गोल गर्दै उपाधिमा दावेदारी प्रस्तुत गरेको छ । अधिकांश अनुभवी र महिला फुटबलको चर्चित खेलाडीसहित मैदानमा उत्रिएको एपीएफ खेलभरी पूर्ण रूपमा वीरगन्जमाथि हाबी भयो ।

एपीएफले डिबक्स बाहिरबाट प्रहार गरेको अधिकांश बल गोलमा परिणत भएको थियो । खेलमा वीरगन्जका फरवार्डले केही राम्रो मौका प्राप्त गरे पनि डिफेन्स र मिडफिल्डर भने कमजोर सावित भएको थियो । त्यसको फाइदा उठाउँदै एपीएफले वीरगन्जलाई दबाबमा राखेको थियो ।

पहिलो हाफमा ५ गोल गरेको एपीएफले दोस्रो हाफमा ७ गोल थप्यो । एपीएफको जितमा रश्मीकुमारी घिसिङ नायिका बनिन् । उनले ५ गोल गरिन् । उनले खेलको २३, ४९ र ६९ औं मिनेटमा ह्याट्रिक पूरा गरिन् भने ७० औं र ७८ औं मिनेटमा थप गोल गरिन् । यो सँगै रश्मीले गोल्डकपमा सर्वाधिक गोलकर्ताको रेकर्ड बराबरी गरेकी छिन् । यस अघि संकटाकी ममता पुनले सिमराविरुद्धको खेलमा व्यक्तिगत ५ गोल गरेकी थिइन् ।

सरु लिम्बूले १९ औं मिनेटमा पहिलो गोल गर्दै एपीएफलाई सुरुवाती अग्रता दिलाएकी थिइन् । खेलको २५ औं मिनेट अनिता केसी, ३५ औं मिनेटमा पुनः सरु लिम्बुले, ३९ मिनेट अनिता बस्नेत, ४५ औं मिनेटमा मन्जली योञ्जन, ५१ औं मिनेटमा सजनी थोकर र ७३ औं मिनेटमा सविता रानाले गोल गरिन् ।

खेलको म्यान अफ द म्याच रश्मी घोषित भइन् । उनले १० हजार रुपैयाँ प्राप्त गरिन् । प्रतियोगिताको विजेताले ५ लाख र उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

# विद्यार्थीको पार्ट टाइम रोजगारीमा समय सीमा नतोकियोस् : सोबिता गौतम




काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद सोबिता गौतमले विद्यार्थीलाई अतिरिक्त रोजगारी (पार्ट टाइम जब) को व्यवस्थामा कुनै समयसीमा नलगाइ कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएकी छिन् ।

सरकारले ल्याएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि राखेको संशोधनमाथिको छलफलमा भाग लिने क्रममा उनले यस्तो ध्यानाकर्षण गराएकी हुन् ।

सरकारले नीति तथा कार्यक्रमको बुँदा नम्बर ६७ मा 'कमाउँदै-पढ्दै' को नीतिबारे संशोधन हाल्दै उनले २० घण्टामा सीमित नगर्न ध्यानाकर्षण गराएकी हुन् ।

'पार्ट टाइम जबलाई २० घण्टामा सीमित नगरियोस् । कम्तीमा दिनको ४ घण्टा विद्यार्थीले काम गर्न सक्छन्,' सांसद गौतमले भनिन्, 'कति घण्टा भन्ने पावन्दी नलगाई यो कार्यान्वयन होस्, र काम वापतको ज्याला हप्तैपिच्छे प्रति घण्टाको हिसाबले दिने व्यवस्था होस् ।'

नीति तथा कार्यक्रममा चाहिँ बढीमा हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी 'कमाउँदै-पढ्दै' को नीति लागु गरिने उल्लेख गरिएको छ ।

उक्त रोजगारी दिने केही संस्थालाई कर छुट दिइ यो व्यवस्था लागू गर्न उनले सुझाव दिएकी छिन् ।

उनले संशोधनमाथिको छलफलमा भाग लिने क्रममा कम्तीमा बजेट प्रस्तुत हुनु भन्दा ३ महिना अघि नै निती तथा कार्यक्रम पेश गर्ने, छलफल गर्ने पहिलेकै अभ्यासले निरन्तरता पाउनुपर्ने बताए ।

उनले आफूहरूले राखेको संशोधन र छलफलले स्थान नपाउनेतर्फ सरकारको ध्यानाकर्षण गराइन् ।

'आजको यो संशोधन र छलफलले कहाँ स्थान पाउँछ ? कुन राम्रो संशोधन समेटिन्छ । कृपया स्पष्टसँग मन्त्रीज्यूले फलानो माननीयको फलानो संशोधन राम्रो लाग्यो, संशोधन स्वीकार गर्छुए भन्ने शब्दमै संशोधन स्वीकार गरेर मेरो शंकालाई गलत सावित गर्न अनुरोध गर्दछु,' उनले भनिन् ।

अघिल्लो आर्थिक वर्षमा तय भएका नीति तथा कार्यक्रमको प्रगति विवरणसहित यसको औचित्य पुष्टि हुने उनले बताइन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियायजना, नदीजन्य स्रोतको व्यवस्थापन, जलविद्युत आयोजना, प्रमुख शहरमा वेस्ट वाटर ट्रिटमेन्ट, पर्यटन नीति लगायतका विषयमा उनले संशोधन हालेकी छिन् ।

# झोलुङ्गे पुल नहुँदा जोखिम मोलेर काठे पुल तर्दै हुम्लाबासी

हुम्ला- हुम्लाको मध्ये भेगमा रहेको सर्केगाड गाउँपालिका-२ रीपगाउँका स्थानीयले जोखिम मालेर खडिखेतको कर्णाली नदीको काठेपुल वारपार गर्दै आएका छन् ।

गाउँको तलपट्टि रहेको उक्त काठेपुल काठको भएकाले झोलुङ्गे पुल नहुँदा जोखिम मोलेर वारपार गर्दै आउनु परेको स्थानीयको गुनासो छ । रीप गाउँका स्थानीय पालिका केन्द्र सर्केगाड, सदरमुकाम सिमकोट, जिल्ला बाहिर जानु पर्दा पनि सोही काठेपुल तरेर जानु पर्ने बाध्यता रहेको स्थानीय दिलिप कार्कीले बताए ।

आफूहरुले वारपार मात्रै नभएर गाउँमा हुने विभिन्न विकास निर्माणका सामग्री सिमेन्ट, सरीया, ग्यास सिलिण्डर, दैनिक उपभोग्यवस्तु, तेल, चामल, मैदा, सावुन, लगायतपनि र्जिण अवस्थामा रहेको काठको पुलबाट जोखिम मोलेर ल्याउन पर्ने अवस्था रहेको कार्कीले गुनासो पोखे ।

धेरै गरुङगो सामान समेत उक्त पुलबाट ल्याउन नसकिने भएको छ । भने खडिखेतमा रहेको काठको पुलबाट दुई तीन जना मानिस समेत तर्न नकिल्ने भएको छ । एक एक जना गर्दै उक्त पुल वारपार गर्नं पर्ने अवस्था रहेको छ ।

पालो कुर्दै पुल वारपार गर्ने गरेको पाइन्छ । उक्त पुल तर्न बालबालिका, वृद्धवृद्धा, बिरामी बढी मर्कामा परेका छन् । आधारभूत भौतिक पूर्वाधार निर्माणमा गाउँपालिकासहित वडा नं २ का जनप्रतिनिधिले ध्यान दिएर काम गर्न आवश्यक देखिएको अर्का स्थानीय श्री फडेराले बताए । कम्तीमा गाउँपालिकाको केन्द्रसम्म सबैको पहुँच पुग्ने गरी संरचना निर्माण आवश्यक छ ।

रीप गाउँका स्थानीयले काठले निर्माण गरेको उक्त पुलको एक पट्टीको भाग समेत झुण्डिएको अवस्थामा रहेको उहाँले बताउनुभयो । वर्षा याममा पानीको वहाव बढ्दै जादा पुल समेत बगाएर लिने गरेको छ ।

हिउँद याममा यहाँका स्थानीयले पानी कम हुँदा पुन निर्माण गरी आवपार गर्दै आउने गरेका छ । वर्षा याममा काठको पुल बगाएपछि तुइन तरेर वारपार गर्नं परेको फडेराले बताए । खडिखेतमा झोलुङ्ग पुलको आवस्यक रहेको उनले बताए ।

# नेपाल इन्जिनियरिङ कलेजका विद्यार्थीहरू वर्षा सम्बन्धी तथ्याङ्कसंकलनमा परिचालन

भक्तपुर- नेपाल इन्जिनियरिङ कलेजका विद्यार्थीहरू वर्षा सम्बन्धी तथ्याङ्क संकलनमा परिचालन सामाजिक बैज्ञानिकका रूपमा परिचालन भएका छन् । कलेजका सिभिल इन्जिनियरिङ विभागका २० जना विद्यार्थीहरूलाई सामाजिक वैज्ञानिकको रूपमा छनोट गरिएको हो ।

उनीहरूले सरल उपकरण तथा मोबाइल प्रविधिको प्रयोगमार्फत वर्षा सम्बन्धी तथ्यांक अभाव रहेका क्षेत्रहरू र काठमाडौँ उपत्यका जस्ता अव्यवस्थित शहरी क्षेत्रहरूमा पानीको अध्ययन गर्नेछन् ।

जल स्रोतको दिगो व्यवस्थापनमा युवाहरूको भूमिका सशक्त बनाउने उद्देश्यले स्मार्टफोन फर वाटर नेपालले कलेजमा जानकारीमूलक आउटरीच कार्यक्रम पनि गरेको छ । क४६ नेपालका प्रमुख कार्यकारी अधिकृत डा । सञ्जीव न्यौपानेले अभियानले दिर्घकालिन जलश्रोत व्यवस्थापनमा टेवा दिने बताए । 'यो परियोजना केवल तथ्यांक सङ्कलन मात्र होइन, युवाहरूमार्फत स्थानीय स्तरमै क्षमता विकास गर्ने अभियान पनि हो । हाम्रो प्रयासले दीर्घकालीन जल स्रोत दिगोपनामा योगदान दिनेछ ।' न्यौपानेले भने ।

नेपाल इन्जिनियरिङ कलेजकै पूर्वविद्यार्थी समेत रहेका क४६नेपालका प्रमुख कार्यकारी अधिकृत न्यौपानेको नेतृत्वमा आयोजित कार्यक्रममा परियोजनाको लक्ष्य, कार्यविधि र दीर्घकालीन प्रभावबारे जानकारी दिइएको थियो ।

कार्यक्रममा सिभिल इन्जिनियरिङ विभागका प्रमुख एसोसिएट प्रोफेसर रमेश खनालले बोल्दै भने, 'हाम्रा आफ्नै पूर्वविद्यार्थी यस्ता सकारात्मक कार्यमा अगाडि देखिनु गर्वको विषय हो । यस्ता कार्यक्रममा सहभागी हुँदा विद्यार्थीहरूले व्यवहारिक ज्ञान प्राप्त गर्ने मौका पाउँछन्, जुन भविष्यमा उनीहरूको काममा उपयोगी हुन्छ ।'

छनोट गरिएका विद्यार्थी तथा सामाजिक वैज्ञानिकहरूलाई तथ्यांक संकलन विधिबारे अभिमुखीकरण गरिएको छ । क४६ नेपालले नागरिक वैज्ञानिकतालाई प्रोत्साहन गर्दै नेपालमा जल स्रोतसम्बन्धी अनुसन्धान र व्यवस्थापन प्रणालीमा नयाँ दृष्टिकोण ल्याउने अपेक्षा लिएको छ ।

# मनाङमा यार्सा टिप्न जाादा बितेका आकाशको शव निकाल्न नसकेपछि उतै सत्गत

मनाङ- मनाङको उत्तरीभेग ताङ्चे खर्कमा यार्सागुम्बा संकलनकै क्रममा भीरबाट खसेर मृत्यु भएका आकाश तामाङको शव निकाल्ने अवस्था नभएपछि सोही ठाउँमा दाहसंस्कार गरिएको छ ।

५ हजार मिटरभन्दा माथि भीरबाट खोंचमा खसेका तामाङको शव सुरक्षाकर्मी तथा हेलिकप्टरको सहायतामा समेत निकाल्ने अवस्था नभएपछि सोही ठाउँमा अन्तिम संस्कार गरिएको हो ।

५ हजार मिटरभन्दा माथिको उचाइमा खोंचमा खसेको शव निकाल्ने अवस्था उद्धारमा गएको टोलीले पनि नदेखेको र हेलिकप्टर मगाएर पनि पुगेर शव ल्याउने अवस्था नभएपछि परिवार तथा आफन्तको जिम्मा लगाएर मुचुल्का गराई सुरक्षाकर्मीको टोली फर्किएको मनाङका प्रमुख जिल्ला अधिकारी मात्रिका आचार्यले जानकारी दिए ।

उद्धारमा तिनै तहका सुरक्षाकर्मी खटाइएको थियो । सुरक्षा टोली नै आइतबार दिउँसोदेखि सम्पर्कविहीन थियो । घटनास्थल उच्च हिमाली क्षेत्र र सञ्चारको माध्यमसमेत नभएकाले थप जानकारी हुन सकेको थिएन । शव निकालेर ल्याउने अवस्था नभएपछि परिवारको रोहबरमा त्यहीँ अन्तिम सत्गत गरेर सोमबार सुरक्षा टोली चामे आइपुगेको आचार्यले बताए ।

मनाङको नार्पाभूमि गाउँपालिका वडा नम्बर २ ताङ्चेखर्क हुलाकी ओडारमाथि भीरमा यार्सागुम्बा टिप्न गएका अकाशको खसेर मृत्यु भएको हो । धादिङ गंगाजमुना गाउँपालिका वडानम्बर १ का आकाशसहित ७ जनाको समूह वैशाख १५ गते यार्सा गुम्बा टिप्न पुगेको थियो ।

समूहमा गएका आकाश भोलिपल्ट १६ वैशाखमै हराएका थिए । उनको समूहले खोजी गर्दा उनी भीरबाट खसेर मृत अवस्थामा भेटिएको भन्दै उनका भाइ रोहितले १९ गते मेता मनाङ प्रहरी चौकीमा खबर गरेका थिए । त्यसपछि मेता प्रहरी चौकीबाट लिलाबहादुर थापाको कमाण्डमा ५ जनाको टोली खटिएको थियो । जिल्ला प्रहरी कार्यालय प्रहरी नायव निरीक्षक ओमबहादुर थापाको कमाण्डमा उद्धार सामग्रीसहित १० जनाको टोली पठाइएको थियो ।

शव भीरको बीच भागमा रहेको हुँदा निकाल्न नसकिने देखेपछि नार्पाभूमि गाउँपालिका- २ ताङचे खर्कस्थित हुलाकी ओडारबाट उक्त टोली कार्यालयतर्फ फिर्ता भएको थियो ।

'२० गते जिल्ला सुरक्षा समितिको आपतकालीन बैठक बसेर चामेबाट २१ जना मेताबाट ४ जनाको टोली खटाएका थियौं । तीमध्ये पनि ६ जना सुरक्षाकर्मी मात्र घटनास्थल पुग्न सफल भएछन् । शव कुरेर बसेका आफन्त र परिवारसहित त्यहाँ १३ जना पुगेछन्,' सीडीओ आचार्यले भने, '५ हजार मिटरमाथि हुस्सु लागिरहने, हावा चल्ने, माथिबाट ढुंगा खसिरहने रहेछ । उनका भाइ र आफन्तले नै शव लान सकिँदैन यहीँ संस्कार गरौं भनेछन् ।'

उतै शव सत्गत गरेर सुरक्षाकर्मीको टोली फर्किएपछि सुरक्षा समितिको बैठक बसेर प्रतिवेदनसमेत बुझेर गृह मन्त्रालयमा पनि त्यहीअनुसार रिपोर्टिङ गरिएको आचार्यले बताए ।

मेता प्रहरी चौकी, जिल्ला प्रहरी कार्यालय मनाङ, सशस्त्र प्रहरी बल नेपाल नं ३२ गुल्म हेडक्वाटर चामे मनाङ, नेपाली सेनाको नयाँ भैरवी दल गुल्म चामे मनाङबाट २१ जना सुरक्षाकर्मी घटनास्थलतर्फ परिचालन भएका थिए ।

दुर्घटना भएको ठाउँ आसपासमा केही वर्षदेखि आकाशकै टोलीले ठेक्का लिएर यार्सा संकलन गर्ने गरेको थियो ।


## रामेछाप नगरपालिका

बागमती प्रदेश, रामेछाप
नेपाल

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
लवश्री न्यौपाने

उप- प्रमुख
बाल कुमारी कार्की थापा

प्रमुख प्रशासकीय अधिकृत
भोला प्रसाद चापागाई

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३७, २०८२ साल बैशाख २३ गते मंगलबार (MAY 6, 2025)

# नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले गरयो प्रभातफेरी

**मोहन कार्की**

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा प्रभातफेरी सम्पन्न गरेको छ । आज काठमाडौको शान्ति वाटिकावाट प्रभातफेरी सहित विश्व प्रेस स्वतन्त्र दिवशको अवसरमा पारेर प्रेस स्वतन्त्र नेपालमा वेला वेला घरमराउने गरेको छ । यस्तो अवस्था नहोस भनेर खवदारी सहित सवै पत्रकारहरु एक्यवद्धता भई नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखा कार्यालयमा पुगेर कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रमलाई हौसला प्रदान गर्न नेपाल पत्रकार महासंघकि केन्द्रीय अध्यक्ष निर्मला शर्मा, केन्द्रीय सल्लाहकार रमेश विष्ट, महासचिव रामप्रसाद दाहाल, कोषाध्यक्ष रामकृष्ण अधिकारी, सचिव सोनि शर्मा, काठमाडौं शाखाका पूर्वअध्यक्ष तथा केन्द्रीय सदस्य सुर्य सुवेदी लगायत सिंगो केन्द्रीय समिति पनि उक्त कार्यक्रममा सहभागी थियो । विश्व प्रेस स्वतन्त्र दिवशको अवसरमा काठमाडौं शाखाले राखेको कार्यक्रमलाई जिल्ला शाखा, केन्द्रीय समिति सवै क्षेत्रका पदाधिकारीहरुले सफल बनाउन उपस्थित भई सहयोग गर्नभएकोमा सबैलाई काठमाडौ शाखाकी अध्यक्ष शोभा अर्यालले धन्यवाद दिइन ।

कार्यक्रम समापन पछि पत्रकारिता क्षेत्रमा बिभिन्न सञ्चारमाध्यममा काम गर्ने सम्पादक, प्रकाशकहरुले पत्रकारिता क्षेत्रमा आएका पछिल्लो चुनौतिको विषयमा कुराकानी समेत गरेका थिए ।

पृष्ठ १ बाट जारी

## प्रारम्भिक बालशिक्षा...

गरिसकेको छ ।

महामन्त्री थापाले पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यक्रम पढाउन र सिकाउनका लागि धेरैजसो स्थानीय तहले बजेट नछुट्याएकोमा चिन्ता व्यक्त गरेका छन् । थापाले स्थानीय तहको सरकार सञ्चालनका लागि समन्वय समिति बनाउनुपर्ने, कांग्रेसले मिसन रोजगारी अभियान चलाउनुपर्ने पनि जोड दिएका छन् । विभागले दुई चरणमा गरी सबै प्रदेशका आफ्ना स्थानीय तहका प्रतिनिधिसँग अन्तरक्रिया गरेको थियो ।

कार्यक्रममा सभापति शेरबहादुर देउवा, उप-सभापति, अर्का महामन्त्री विश्वप्रकाश शर्माका साथै अन्य पदाधिकारीको पनि उपस्थिति रहेको थियो । केही भने भर्चुअल माध्यममा उपस्थित थिए । विभागले बिहान कोशी, मधेश र वागमति प्रदेशसँग अन्तरक्रिया गरेको थियो भने बाँकी प्रदेशमा सोही दिन अर्को चरणमा कार्यक्रम गरिएको थियो ।

सभापति देउवाले विभागद्वारा प्रकाशित क्यालेण्डरको विमोचनसमेत गरेका थिए । विभागको प्रमुख पार्टीका केन्द्रीय सदस्य मधु आचार्य रहेका छन् । उनले कार्यक्रम उपलब्धीमूलक भएको बताए ।

पृष्ठ १ बाट जारी

## टिकटक...

अभिभावकबीच डिजिटल व्यवहारका बारेमा हुने खुला संवादलाई पनि प्रोत्साहन गर्छ । यो आउँदै गरेको पुस्ताका लागि सुरक्षित र सोचविचार गरेर इन्टरनेट चलाउने वातावरण बनाउनका लागि एक महत्वपूर्ण कदम हो ।

सटिकटकका लागि हाम्रो कम्युनिटीको सुरक्षा प्रमुख प्राथमिकतामा पर्दछ, विशेष गरी जब (टिन) युजरहरूको कुरा आउँछ । नेपाली परिवारहरूलाई जिम्मेवार डिजिटल व्यवहारलाई प्रोत्साहन गर्ने उपयोगी टुलहरू प्रदान गर्ने प्रयासकै एक हिस्साको रूपमा फ्यामिली पेयरिङ फिचरको सुरुवात गरिएको हो,

टिकटकका लागि दक्षिण एसिया क्षेत्रका सार्वजनिक नीति तथा सरकारी सम्बन्ध प्रमुख फिरदौस मोत्तकिनले भने नेपालमा दर्ता भएको प्लेटफर्मको रूपमा हामी हाम्रो प्लेटफर्ममा सबैका लागि सुरक्षित, सकारात्मक र समावेशी अनलाइन वातावरण सुनिश्चित गर्न नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरूसँग नजिक रहेर काम गर्न पनि प्रतिबद्ध छौं ।

यो फिचरलाई देशभर पुऱ्याउन टिकटकले नेपालको चर्चित सेलिब्रिटीहरू र डिजिटल इन्फ्लुएन्सरहरूसँग सहकार्य गर्दै जनचेतनामूलक अभियान पनि सञ्चालन गर्दैछ ।

यो अभियान मुलधारका मिडिया, आउटडोर बिलबोर्डहरू तथा सामाजिक सञ्जालमार्फत प्रचार गरिनेछ । सार्वजनिक व्यक्तित्वहरूको विश्वसनीय आवाजलाई उपयोग गरेर टिकटकले नेपालभरका परिवार हरूसम्म पुग्ने र फ्यामिली पेयरिङ फिचरको व्यापक अपनत्वलाई प्रोत्साहित गर्ने लक्ष्य राखेको छ ।

टिकटकले विश्वभरका प्रयोगकर्ताहरूलाई सुरक्षित र पारदर्शी अनुभव दिन नीतिहरू र फिचरहरू ल्याउँदै आएको छ । नेपालमा 'फ्यामिली पेयरिङ'को सुरुवात पनि सोही दीर्घकालीन रणनीतिको हिस्सा हो, जसले विशेषगरी युवापुस्तालाई सुरक्षित अनुभवका साथ टिकटक प्रयोग गर्न प्रोत्साहन गर्नेछ ।

अन्तराष्ट्रिय

# इरानको व्यापारिक बन्दरगाहमा विस्फोट : मृत्यु हुनेको संख्या २८ पुग्यो



काठमाडौं- इरानको बन्दरगाहमा शनिबार बिहान भएको विस्फोटमा मृत्यु हुनेको संख्या २८ पुगेको छ । दक्षिणी इरानको शाहिद रजाई बन्दरगाहमा भएको उक्त घटनामा आठ सय जना घाइते भएका छन् भने ६ जना अझै बेपत्ता छन् । विस्फोटले वरपरका भवनका झ्याल र छाना उडाएको र गाडीहरू नष्ट गरेको बीबीसीले जनाएको छ ।

स्थानीय बासिन्दाहरूले विस्फोटको असर ५० किलोमिटर टाढासम्म महसुस भएको बताएका छन् ।

बीबीसीले प्रमाणित गरेका भिडियोहरूमा आगो बढ्दै गएर ठूलो विस्फोट भएको देखिन्छ, जसपछि मानिसहरू डराएर भागिरहेका र कतिपय घाइते अवस्थामा धुवाँले ढाकिएको र सडकमा लडिरहेका छन् । बन्दरगाहको भन्सार कार्यालयले टेलिभिजनद्वारा प्रसारित विज्ञप्तिमा विस्फोट सम्भवतः खतरनाक र रासायनिक सामग्री भण्डारण डिपोमा लागेको आगोबाट भएको बताइएको छ ।


आकाशबाट खिचिएको भिडियोमा कम्तीमा तीन ठाउँमा आगो लागेको देखिन्छ । एक निजी समुद्री सुरक्षा सल्लाहकार कम्पनीका अनुसार विस्फोट भएका कन्टेनरहरूमा 'बलिस्टिक मिसाइल'का लागि लैजाँदै गरिएको ठोस इन्धन थियो । एम्ब्रे इन्टेलिजेन्सका अनुसार भने इरानी 'बलिस्टिक मिसाइल'मा प्रयोग हुने ठोस इन्धनको कार्गो सही तरिकाले नसम्हाल्दा आगलागी भएको हो । इरानी झन्डावाला एक जहाजले उक्त बन्दरगाहमा सोडियम पर्क्लोरेट अर्थात् रकेट इन्धन मार्च २०२५ मा झारेको एम्ब्रेले जनाएको छ ।

# क्यानडामा उत्सव मनाइरहेका बेला कार छिर्दा ९ जनाको मृत्यु

काठमाडौं- क्यानडाको भ्यानकुभरमा 'फेस्टिभल'को दौरान एउटा कार भिडमा परेपछि ९ जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार घाइते हुनेहरुको विवरण आइसकेको छैन । स्थानीय बासिन्दाले लापु-लापु दिवसको उत्सव मनाइरहेका बेला यो घटना भएको हो ।

घटनास्थलमा रहेको एक फुड ट्रकका मालिकका अनुसार कार सिधै भिडमा प्रवेश गरेको थियो । 'यो निकै डरलाग्दो भएको थियो,' उनले बीबीसीलाई भनेका छन्, 'गाडी सिधा भिडभित्र गएको थियो ।'

भ्यानकुभर प्रहरीका अनुसार घटनामा संलग्न रहेको आरोपमा ३० वर्षीय स्थानीय व्यक्तिलाई नियन्त्रणमा लिइएको छ । हालसम्म घटनाको कारण भने स्पष्ट भइसकेको छैन । उक्त घटना आतंकवादी आक्रमण नभएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा पुष्टि भएको छ । उक्त व्यक्ति अर्कै परिस्थितिमा प्रहरीले चिनिसकेका



व्यक्ति थिए तर भ्यानकुभरका प्रहरी प्रमुखले उनको आपराधिक पृष्ठभूमि छ/छैन भन्नेबारे टिप्पणी गर्न नमिल्ने बताएका छन् ।

भ्यानकुभरमा हरेक अप्रिल २७ मा 'फिलिपिनो' समुदायले लापु-लापु दिवस मनाउने गरेको छ । लापु-लापु स्पेनिस उपनिवेशवादविरुद्ध आवाज उठाउने राष्ट्रिय नायक हुन् ।


**सूर्यविनायक नगरपालिका**

बागमती प्रदेश, भक्तपुर
नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — बासुदेव थापा
उप- प्रमुख — सरिता तिमसिना (भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत — तारानाथ लुइटेल



**मन्थली नगरपालिका**

बागमती प्रदेश, रामेछाप
नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — लव श्रेष्ठ
उप- प्रमुख — इश्वरी बस्नेत
प्रमुख प्रशासकीय अधिकृत — श्री देवर्षि सापकोटा



**मध्यपुर थिमि नगरपालिका**

थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — सुरेन्द्र श्रेष्ठ
उप- प्रमुख — विजय कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत — राम बहादुर के.सी.



**महालक्ष्मी नगरपालिका**

ललितपुर, बागमती प्रदेश, नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — हरि गोविन्द श्रेष्ठ
उप- प्रमुख — लक्ष्मी महर्जन
प्रमुख प्रशासकीय अधिकृत — प्रदिप पौडेल

# म्याग्दीमा सुरू भयो 'माइतीघर' को छायांकन




काठमाडौं- फिल्म "माइतीघर" को छायांकन बिहीबारदेखि म्याग्दीमा सुरू गरिएको छ ।

रोहित अधिकारीको निर्माणमा बन्न लागेको फिल्मको म्याग्दीको ताकम गाउँमा शुभसाइत गर्दै छायांकन सुरू गरिएको हो । त्यहाँको गणेश मन्दिरमा शुभसाइत गर्दै पूजा गरिएको थियो ।

निर्माता अधिकारीका अनुसार २० दिन ताकम र धारपानी गाउँमा छायांकन हुनेछ भने बाँकी २० दिन दरबाङको तातोपानी क्षेत्रमा बाँकी छायांकन गरिनेछ ।

शुभसाइत समारोहमा धौलागिरी गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले पहिलो पटक गाउँमा फिल्मको छायांकन हुन लागेको भन्दै खुसी व्यक्त गरे । यो फिल्मबाट गाउँको पर्यटन प्रवर्द्धनमा महत्वपुर्ण भूमिका खेल्ने विश्वास अध्यक्ष पुनको छ ।

वडा नम्बर ७ का अध्यक्ष अशोक खत्रीले उचित प्रसारप्रसार हुन सकेको खण्डमा गाउँको विकास हुने बताए ।

शुभसाइत समारोहअघि फिल्मको टिमलाई गाउँमा बाजा बजाउँदै स्वागत गरिएको थियो । यो फिल्ममा केदार घिमिरे, धिरज मगर, प्रकाश सपुत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, बुद्धि तामाङ, शिशिर वाङ्देल लगायत कलाकारहरुको अभिनय रहनेछ । मिलन तामाङले फिल्म निर्देशन गर्नेछन् भने यसमा सुसन प्रजापतिको छायांकन रहनेछ । फिल्मलाई दशैंको फूलपातिबाट रिलिज गर्ने घोषणा निर्माणपक्षले गरिसकेको छ ।

# खेम सेञ्चुरी टिमबाट प्रोशेस पाण्डेले जिते भ्वाइस अफ नेपालको उपाधि




**काठमाडौं–** गायन रियालिटी शो "भ्वाइस अफ नेपाल" सिजन ६ को उपाधि प्रोशेस पाण्डेले जितेका छन् ।

शुक्रबार राति भएको फिनालेमा उनले उपाधि ट्रफी उचालेका हुन् । शोमा ४ फाइनलिस्टबाट ३ जनालाई पछि पार्दै प्रोशेसले उपाधि हासिल गरे । फरक क्षमता भएका उनी कोच खेम सेञ्चुरी टिममा थिए । उपाधिसँगै प्रोशेसले २० लाख रूपैयाँ र विभिन्न उपहार समेत प्राप्त गरेका छन् ।

प्रोशेससँगै फिनालेमा पुगेका रोशन राई फर्स्ट रनरअप, प्रमेश राई सेकेण्ड रनरअप भए भने अर्पणा आचार्य थर्ड रनरअप घोषित भइन् । भ्वाइस अफ नेपाल सिजन ६ मा उदय सोताङ, राजु लामा, खेम सेञ्चुरी र मेलिना राई कोच थिए ।

# समीर भट्टको 'बलिदान' को प्रि-टिजर सार्वजनिक



काठमाडौं- अभिनेता समीर भट्ट अभिनीत फिल्म "बलिदान" को टिजर सार्वजनिक गरिएको छ ।

निर्माताले बुधबार समीरको जन्मदिन पारेर प्रि-टिजरका रूपमा ४२ सेकेन्डको भिडिओ सार्वजनिक गरेका छन् । जसमा फिल्ममा समीरको विभिन्न प्रस्तुतिको झलकलाई समेटिएको छ । केही संवाद र द्वन्द्वका दृश्य टिजरमा देखिन्छ ।

प्रि-टिजर ल्याउँदै निर्देशक सन्तोष सेनले छिट्टै टिजर सार्वजनिक गरिने बताएका छन् ।

दसैंको फूलपातिमा प्रदर्शनमा आउने बलिदानु मा समीरसहित सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा लगायतका कलाकारहरूको अभिनय छ । फिल्म आसुसेन फिल्म्स प्रालीको प्रस्तुति हो ।

यसका निर्माता पवन ब्राडफोर्ड विस्ट हुन् भने प्रेम पुरी कार्यकारी निर्माताको रूपमा संलग्न छन् ।

# "मुल घर" टेलिश्रृंखलाले दर्शकको मन जित्दै



काठमाडौं- नेपाली समाजको गाउँघर, परिवार र परम्परागत परिवेशलाई केन्द्रमा राखेर निर्माण गरिएको टेलिश्रृंखला 'मुल घर' छोटो समयमै दर्शकको मन जित्न सफल भएको छ ।उक्त सिरियलले नेपाली समाजको मौलिक मूल्य, भावना र यथार्थतालाई समकालीन शैलीमा प्रस्तुत गरेको छ ।

निर्देशक स्वानिका बास्तोलाको सशक्त निर्देशनमा तयार गरिएको यो श्रृंखलामा उनले गाउँको परिवेश, पात्रहरूको मनोदशा र कथाको गहिराइलाई कलात्मक ढंगले प्रस्तुत गरेकी छिन् । सिरियलको दृश्य संयोजन, अभिनय र संवादमार्फत यथार्थतालाई जीवन्त बनाइएको छ, जसले दर्शकहरूलाई कथासँग आत्मसात गर्न मद्दत पुऱ्याएको छ ।

सिरियलमा प्रमुख कलाकारहरू विनोद श्रेष्ठ, स्वानिका बास्तोला, अभिषेक जोशी, सुमित्रा अधिकारी, मोहन कृष्ण श्रेष्ठ, आरजे सिंह ठाकुर, राम बुढाथोकी, सुर्य श्रेष्ठ, मीना जीसी, दिप शेर्पाली, नारायण खाती, छाया भुजेल, र रीमा दाहालले अभिनय गरेका छन् । उनीहरूको जीवन्त अभिनयले कथालाई थप सशक्त बनाएको छ ।

शब्दमा लोकराज अधिकारी, संगीतमा योगेश काजी शाह र सुरज खित्रीको योगदान रहेको छ भने स्वरमा सदिक्षा कटेलले आवाज दिएकी छिन् । सिरियलको सम्पादन दिप शेर्पालीले गरेका हुन् । सिरियलका निर्माता पनि निर्देशक स्वयं स्वानिका बास्तोला नै हुन् ।

'मुल घर' सिरियल MULGHAR OFFICIA युट्युब च्यानलमार्फत प्रसारण हुँदै आइरहेको छ । हालसम्म १९ औं एपिसोड सार्वजनिक भइसकेको छ र सामाजिक सञ्जालमा यसको लोकप्रियता दिनानुदिन बढ्दै गएको छ । कथाको प्रस्तुतिलाई दर्शकहरूले अत्यन्त रुचाएका छन् र आगामी एपिसोडको प्रतिक्षामा रहेका छन् ।

# यस्तो छ विपीन र मिरूनाको "ऊनको स्वीटर" को ट्रेलर



काठमाडौं- अभिनेता विपीन कार्की र अभिनेत्री मिरूना मगरको फिल्म "ऊनको स्वीटर" को ट्रेलर सार्वजनिक भएको छ ।

मंगलबार आर्टमाण्डू युट्युब च्यानलमार्फत फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो । सार्वजनिक ट्रेलरमा विपीन र मिरूनाको प्रेम कथालाई देखाइएको छ ।

फिल्ममा विपीन र मिरूनासँगै विल्सन विक्रम राई, एलेक्स पारस, परीक्षा लिम्बु, सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा, सुरज तमू र भावना खपांगी मगरलगायत कलाकारको अभिनय छ ।

"ऊनको स्वीटर " आर्टमाण्डू प्रालिको निर्माणमा बनेको पहिलो फिचर फिल्म हो । सुजन चापागाईंको संगीत रहेको फिल्मलाई नवीन चौहानले लेखन तथा निर्देशन गरेका हुन् भने सुरज कटुवालको सह-लेखन रहेको छ ।

चिन्तनराज भण्डारीले छायांकन गरेको फिल्मलाई कृष्ण भण्डारीले सम्पादन गरेका हुन् । यो फिल्म वैशाख २६ गतेदेखि प्रदर्शन हुनेछ ।


## चन्द्रागिरि नगरपालिका

बागमती प्रदेश, नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
घनश्याम गिरी

उप- प्रमुख
बसन्ती श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत
सुरेन्द्र थापा मगर

## कालीगण्डकी गाउँपालिका

गण्डकी प्रदेश, स्याङ्जा, नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष
खिम बहादुर थापा

उपाध्यक्ष
साबित्रा कोईराला

प्रमुख प्रशासकीय अधिकृत
पर्शुराम उपाध्याय

## कोन्ज्योसोम गाउँपालिका

ललितपुर, बागमती, प्रदेश नेपाल

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

अध्यक्ष
कृष्ण मान लामा

उपाध्यक्ष
राजन प्रसाद घिमिरे

प्रमुख प्रशासकीय अधिकृत
गोपाल प्रसाद दुलाल

# ट्रायम्फ बाइकको एपिक राइड, ४० राइडर पुगे काठमाडौंबाट माथिल्लो मुस्ताङ

काठमाडौं- पावरफुल र लक्जरियस बाइक रोज्नेहरुलाई लक्ष्य गर्दै नेपाली बजारमा आएको ट्रायम्फले 'एपिक राइड : इकोज अफ दि लस्ट किङ्डम' आयोजना गरेको छ। नेपालका लागि ट्रायम्फ बाइकको आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले बाइकर्सका लागि आठ दिने यात्रा आयोजना गरेको हो ।

वैशाख ७ देखि १४ गतेसम्म काठमाडौं-माथिल्लो मुस्ताङ-काठमाडौं भएको बाइकर्सको रोमाञ्चक यात्रामा ४० जना ट्रायम्फ राइडरहरू सहभागी थिए । १००० किलोमिटरभन्दा बढीको दुरी पार गर्दै, राइडरहरूले ट्रायम्फको स्पीड ४०० र स्क्र्याम्बलर ४०० एक्स मा नेपालका विभिन्न प्रकारका भूभागहरूमा यात्रा गरे ।



यसले यो मोटरसाइकलको कठिन र उबडखाबड बाटोमा पनि उत्कृष्ट प्रदर्शन क्षमतालाई प्रमाणित गरेको आयोजक कम्पनीले जनाएको छ । राइडको सुरुआत ट्रायम्फ नेपालको काठमाडौं शोरुमबाट भएको थियो । बाइकर्स क्याफेमा बिहानको नास्तापश्चात् राइडरहरू मुग्लिन, पोखरा, हेम्जा हुँदै पर्वतको कुश्मा पुगे ।

दोस्रो दिन देउराली र टिटी ताल घुम्दै राइडरहरू बेलुकाको बास मार्फा गाउँमा बसे । तेस्रो दिन जोमसोम नजिकको धुम्बाताल, लुब्रा पास र निलगिरि भ्युपोइन्ट हुँदै मुक्तिनाथ मन्दिरसम्मको यात्रा सम्पन्न भयो ।

चौथो दिन राइडरहरू प्राचीन पर्खालले घेरिएको मुस्ताङको राजधानी लोमान्थाङ पुगे ।पाँचौं दिन शिजा झोङ गुफा, कोरला सीमा र अन्नपूर्ण माउन्टेन भ्युपोइन्टको अवलोकन गर्दै लोमान्थाङमै बास बसे ।

छैटौं दिन जोमसोम पार गर्दै राइडरहरू म्याग्दीको तातोपानी आए। कुण्डमा नुहाएर विश्राम गरे । सातौं दिन पोखराको हेम्जा र तनहुँको घाँसीकुवा हुँदै कुरिनटारमा बास भयो । आठौं दिनको यात्रा गल्छी, विदुर, शिवपुरी हुँदै बाइकर्स क्याफेमा पुगेर यात्रा सम्पन्न भयो ।

ट्रायम्फ नेपालका म्यानेजर सागर थापा भन्छन्, 'यो केवल एक मोटरसाइकल यात्रा मात्र नभएर आजीवन बिर्सिनै नसकिने रोमाञ्चक यादहरु बनेका छन् ।'

गत भदौमा नाडा अटो शोमार्फत नेपाली बजारमा आएको ट्रायम्फ बेलायतको लक्जरियस बाइक ब्रान्ड हो । हंसराज हुलासचंद एण्ड कम्पनीले गत कात्तिकमा नक्सालस्थित शोरुमबाट एकै पटक २०० युनिट बाइक डेलिभरी गरेको थियो ।

नाडा अटो शोमा कम्पनीले उल्लेख्य संख्यामा बुकिङ लिएको थियो । त्यसबेला कम्पनीले ट्रायम्फ स्पीड ४०० मोटरसाइकल ६ लाख ३९ हजार ९०० र ट्रायम्फ ४०० स्क्रयाम्बलरको मूल्य ६ लाख ८९ हजार ९०० रुपैयाँ तोकेको थियो ।

ट्रायम्फ ४०० सिरिजमा ३९८ सीसी क्षमताको लिक्विड कुल्ड, फोर भल्भ र सिंगल सिलिन्डर इन्जिन छ । यो इन्जिनले ४० हर्सपावर तथा ३७.५ एनएम टर्क जेनेरेट गर्छ। दुवै मोडलमा ६ स्पीड गियरबक्स छ।

# चेरी अटोमोबाइलद्वारा नेपाली कम्पनी एसपीजी अटोमोबाइल्सलाई 'इभी पायोनियर अवार्ड'



काठमाडौं- चेरी अटोमोबाइल कम्पनीले एसपीजी अटोमोबाइल्सलाई ' इभी पायोनियर अवार्ड'द्वारा सम्मान गरेको छ । चेरी अटोमोबाइल सब-ब्रान्ड ओमोडा एन्ड जेकोको नेपालका लागि आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्स चेरी इन्टर नेसनल ग्लोबल डिलर कन्फरेन्स २०२५ मा 'इभी पायोनियर अवार्ड'द्वारा सम्मानित भएको हो ।

चीनको आन्हुइ प्रान्तस्थित वुहु सहरको 'यिजिउ इन्टरनेसनल एक्स्पो सेन्टर'मा आयोजित समारोहमा सम्मान गरिएको हो । यहीँ चेरीको हेडक्वार्टर तथा मुख्य उत्पादन केन्द्र छन् । सम्मेलनमा चेरी होल्डिङ ग्रुप कम्पनीका उपाध्यक्ष सु हुइले एसपीजी अटोमोबाइल्सका निर्देशन गौरव शारडालाई अवार्ड हस्तान्तरण गरे ।

१२० भन्दा बढी देशका ३ हजारभन्दा बढी डिलरहरूको सहभागिता रहेको यस अन्तर्राष्ट्रिय सम्मेलनले सहभागीहरूलाई अटोमोबाइल क्षेत्रका उपलब्धीहरू प्रदर्शन गर्ने तथा यसबारे विभिन्न रणनैतिक विचारहरू अन्तर्राष्ट्रिय साझेदारहरूसँग आदानप्रदान गर्ने अवसर दिएको कम्पनीले जनाएको छ ।

सम्मेलनमा वुहु नगरपालिका सरकारका वरिष्ठ अधिकारीहरू, चेरी इन्टरनेसनलका प्रमुख कार्यकारी अधिकृत यिन तोङ्ग्युए र चेरी इन्टरनेसनलका महाप्रबन्धक झाङ गुइबिङआदिको विशिष्ट उपस्थिति थियो ।

एसपीजी अटोमोबाइल्सलाई नेपालमा ओमोडा एन्ड जेकोको विद्युतीय सवारी साधनहरूको उपस्थितिलाई सफलतापूर्वक स्थापित गर्नमा योगदान तथा कम्पनीको उल्लेखनीय बजार पर्फमेन्सका लागि यो 'इभी पायोनियर अवार्ड' प्रदान गरिएको कम्पनीको भनाइ छ। यो सम्मानले नेपालको विकसित हुँदै गरेको अटोमोबाइल क्षेत्रमा दिगो यातायात (सस्टेनेबल मोबिलिटी) प्रवर्धनप्रति आफ्नो प्रतिबद्धता र सक्रियतालाई उजागर गर्ने कम्पनीले विश्वास व्यक्त गरेको छ।

ओमोडा एन्ड जेइको सन् २०२४ मा नेपालमा 'ओमोडा इ-फाइभ' इभी सार्वजनिक गर्दै आधिकारिक रूपमा नेपाली बजारमा प्रवेश गरेको थियो ।

'नाडा अटो सो २०२४' मा यसको स्टाइलिस सब-ब्रान्ड 'जेको जे-सिक्स' इएसयुभी प्रस्तुत गरेको थियो । एसपीजी अटोमोबाइल्सले पहिलो वर्ष मै नेपालमा ८०० भन्दा बढी ओमोडा र जेकोका गाडीहरू बिक्री गरिसकेको जनाएको छ ।

पृष्ठ ४ बाट जारी

## गुणाकर...

भनेर स्मरण गराइएको थियो ।

त्यसमा इजलासले 'अहिले त्यो विषयमा कुरा नगरौं, अहिले मापदण्डमा मात्र जाउँ । पछि अन्तिम फैसला हुँदा त्यसमा आइहाल्छ' भनेको थियो । त्यसपछि ६५ वर्ष उमेर पूरा भएकालाई गभर्नर बनाउन मिल्छ कि मिल्दैन भनेर बहस सुरु भएको थियो ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री केपी शर्मा ओलीबीच आफूलाई गभर्नर बनाउने सहमति भएपछि भट्टले राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट राजीनामा गरेका थिए ।

यद्यपि नेपाल राष्ट्र बैंक ऐनले राजीनामा गर्नपर्ने बाध्यकारी व्यवस्था गरेको छैन । कामु गभर्नर डा. नीलम ढुंगाना तिम्सिनाले राजीनामा स्वीकृत गरेकी छैनन् ।

बुधबार सर्वोच्चको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिनेगरी अन्तरिम आदेश जारी गरेको हो । सर्वोच्चले ६५ वर्षको उमेर कटेको मापदण्डसहित कार्यकारी निर्देशकलाई गभर्नर बनाउन हुने/नहुनेबारे अब अन्तिम फैसला गर्दा बोल्ने छ ।

सर्वोच्चले अहिले ६५ वर्षको मापदण्डमा मात्र बोलेकाले अब सरकारले कार्यकारी निर्देशकबाट पनि गभर्नर बनाउन पाउनेछ ।

अन्तरिम आदेशका कारण सरकारले संशोधन गरेको नयाँ मापदण्ड लागू हुनेछैन । त्यसो हुँदा अब गभर्नर ६५ वर्ष नपुगेकाहरुबाट छान्नुपर्ने हुन्छ ।

अधिवक्ताद्धय प्रतिभा उप्रेती र विशाल थापाले रिट निवेदन दायर गराएका थिए । उनीहरुले नै गुणाकर भट्टविरुद्ध पनि मुद्दा दर्ता गराएका थिए ।

रिट निवेदनमा सरकारको निर्णय बदर गरी गभर्नरमा उमेरजन्य योग्यता तोक्न परमादेश माग गरिएको थियो ।

मुद्दाको टुंगो लाग्न समय लाग्ने भएकोले उमेरजन्य योग्यता नराखी गभर्नर नियुक्ति प्रक्रिया अघि बढाउन नदिन अन्तरिम आदेश समेत माग गरिएको थियो ।

अर्थ मन्त्रालयले केही समयअघि आफूसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ३९ (ग) हटाएर गभर्नर नियुक्तिमा उमेर हद हटाएको थियो ।

मापदण्डमा यसअघि कार्यकारी प्रमुखका हकमा ३० वर्ष र कार्यकारी प्रमुख बाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको हुनुपर्ने व्यवस्था थियो ।

सरकारले मुख्यसचिवबाट अवकाश पाएका राजेन्द्रकिशोर क्षत्रीलाई गभर्नर बनाउने तयारीस्वरुप उमेर हदको व्यवस्था हटाएको थियो । साढे ७ वर्षअघि मुख्यसचिवबाट अवकाश पाएका क्षत्री ६५ वर्ष नाघिसकेका छन् ।

उनलाई गभर्नर बनाउन कांग्रेस सभापति देउवाले जोडबल गर्दै आएका थिए । यस्तै ६५ वर्ष नाघिसकेका राष्ट्र बैंकका सञ्चालक रवीन्द्र पाण्डे पनि गभर्नरको रेसमा लागेर कांग्रेसका नेताहरुलाई रिझाउनतिर लागेका थिए ।

# लक्ष्मी इ-मोबिलिटी र जीओ अटो मोबाइल्सको आयोजनामा 'कायी एक्सचेन्ज कार्निभल' हुँदै

काठमाडौं- नेपालका लागि कायी इभीको आधिकारिक वितरक लक्ष्मी इ-मोबिलिटी र जीओ अटोमोबाइल्सले 'कायी एक्सचेन्ज कार्निभल २०८२' आयोजना गर्ने भएका छन्।

काठमाडौंको थापाथलीमा (कायी शोरुममा) आगामी बैशाख २६ देखि २८ गतेसम्म यो कार्निभल हुँदैछ ।

कार्निभलमा कायीका विद्युतीय सवारी साधनमा आकर्षक अफरहरू ल्याइने कम्पनीले जनाएको छ । कार्निभलमा पुराना गाडीसँग इ-क्युट ०२, इ-क्युट ०४ र एक्स ३ प्रो गरी कायी इभीका तीन मोडल विशेष अफरका साथ एक्सचेन्ज गर्न सकिने छ ।

कम्पनीका अनुसार कार्निभलको मुख्य आकर्षणका रुपमा ग्राहकले 'अन-द-स्पट' सवारी साधन मूल्यांकन, उत्कृष्ट रिसेल भ्यालु, आकर्षक नगद छुट र प्रत्येक मूल्यांकनमा २ जनाका लागि क्यूएफएक्स हलमा फिल्मको टिकटहरू प्राप्त गर्न सक्ने छन् ।

त्यस्तै, कम्पनीले बीमा, सडक कर कभरेज र चयन गरिएका मोडेलहरूमा एक्सचेन्ज बोनस पनि दिने जनाएको छ । प्रत्येक बुकिङको साथमा रोमाञ्चक रिवार्ड प्राप्त गर्न सकिने छ ।

इ-क्युटसँग बोस जेट कार वासर र एक्सथ्री प्रोको साथ बोस वासिङ मेसिन प्राप्त गर्न सकिने कम्पनीले जानकारी दिएको छ । यस्तै, कार्निभलमा पारिवारिक मनोरञ्जन, खेलहरू र संगीत प्रस्तुत गरिनेछ ।

यस कार्निभलको उद्देश्य स्मार्ट र थप रमाइलो तरिकाले विद्युतीय सवारी साधनमा स्तरोन्नति गर्न प्रोत्साहित गर्नु रहेको कम्पनीको भनाइ छ । कार्निभलले सुविधा, बचत र उत्सवहरूमा केन्द्रित हुँदै इभीका पारखीहरू र उनीहरूका परिवारका लागि मनोरञ्जनसँगै कायीका उत्पादनबारे जानकारी गराउने लक्ष्य राखेको छ ।

सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजना अन्तर्गत:

- औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
- मातृत्व सुरक्षा योजना
- दुर्घटना सुरक्षा योजना,
- अशक्तता सुरक्षा योजना,
- आश्रित परिवार सुरक्षा योजना,
- बृद्धावस्था सुरक्षा योजना,
- बेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित होऔं ।

सामाजिक सुरक्षा कोषमा आवद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल राष्ट्र बैंक । असतो मा सद्गमय ।

वित्तीय चेतनाको लागि
नेपाल राष्ट्र बैंकको अनुरोध

- Online Betting, क्रिप्टोकरेन्सी वा त्यस्तै प्रकारका गैरकानुनी उपकरणमा लगानी नगरौं, यो गैरकानुनी कार्य भएकोले त्यस्ता कारोवार गर्नेलाई कानुनी कारवाही हुन्छ ।
- इन्टरनेट बैंकिङ, मोवाइल बैंकिङ, मोवाइल वालेट, बैंक वा वित्तीय संस्थामा रजिष्टर गरिएका इमेलका साथै, आफ्ना उपकरणमा राखिएका पासवर्ड/पिनकोड आदि समय समयमा परिवर्तन गर्ने गरौं ।
- फेसबुक वा अन्य सामाजिक सञ्जालमार्फत चिनजान र सम्बन्ध स्थापित गरी उपहार पठाइदिने बहानामा तपाइको व्यक्तिगत विवरण, बैंक खाता नम्बर माग्ने, छिटो पैसा कमाउने तरिका सिकाउने जस्ता लिङ्क, म्यासेज एवम् विज्ञापनहरू ठगीको उद्देश्यले सञ्चालन गरिएका हुन्, त्यसमा विश्वास नगरौं ।
- तपाईलाई चिठ्ठा परेको वा उपहार पाउनु हुने भयो भन्ने लोभ लालच देखाई फोन गर्ने वा मेसेज पठाइ करवापतको रकम कुनै खातामा पठाउन लगाउने, कुनै लिङ्कमा लाइक गर्न वा सेयर गर्न लगाई ठगी गर्ने वित्तीय ठगहरूसँग सतर्क रहौं, नकिनेको चिठ्ठा कहिले पनि पर्दैन ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार